२०५६ साल अषाढ २७ गते

## अर्थ म. महेश आचार्यबाट आर्थिक वर्ष २०५६।५७ को बजेट प्रस्तुत

सम्माननीय सभामुख महोदय,

१. बहुदलीय व्यवस्थाको पुनर्स्थापना पछि नेपाली कांग्रेसको बहुमतको सरकारका तर्फबाट मलाई सर्वप्रथम आर्थिक बर्ष २०४८/४९ सालको बजेट प्रस्तुत गर्ने अवसर प्राप्त भएको थियो । आज आठ वर्ष पछि पुन: नेपाली कांग्रेसको बहुमतको सरकारको तर्फबाट यस गरिमामय सदनमा आर्थिक वर्ष २०५६।५७ को बजेट प्रस्तुत गर्न उभिएको बेला म मुलुकका सम्पूर्ण प्रजातन्त्र-प्रेमी दिदीवहिनी दाजुभाइहरुमा सादर अभिवादन गर्न चाहन्छु ।

२. २०४८ सालमा नेपाली कांग्रेसको सरकारद्वारा शुरु गरिएका आर्थिक, सामाजिक तथा प्रशासनिक क्षेत्रका नीति र कार्यक्रमहरु सबल र सक्षम अर्थतन्त्र निर्माणतर्फ उन्मुख थिए । ती सुधार कार्यक्रमहरुबाट हाम्रो अर्थतन्त्रलाई सुदृढ बनाउँदै लैजान अनुकूल प्रभाव परेको तथ्य सबैलाई अनुभव भएको विषय थियो । राजस्व परिचालनमा तीव्र सुधार आएको र आर्थिक वृद्धि दर समेत उच्च रहेको आठौं योजनाको त्यस अवधिमा समाजका विपन्न वर्गको आर्थिक उन्नतिका लागि सामाजिक सेवा र जन-कल्याण सम्बन्धी सुदृढ कार्यक्रमहरु समेत प्रारम्भ गरिएका थिए । तर विगत साढे चार वर्षको राजनैतिक अस्थिरताका कारण आर्थिक सुधारका ती नीति र कार्यक्रमहरुले हामीले आशा गरे झैं स्थायित्व पाउन सकेनन् । फलस्वरुप आर्थिक गतिविधिमा विस्तारको सट्टा शिथिलता देखा पर्न थाल्यो । यो आर्थिक शिथिलताको प्रतिकूल प्रभाव हाम्रो सामाजिक जीवनमा समेत पर्न गएको छ ।

## बर्तमान आर्थिक स्थितिको समीक्षा

सभामुख महोदय,

३. आर्थिक बर्ष २०५६/५७ को बजेट निर्माण गर्दा अहिले हामी कस्तो अवस्थामा छौं र अर्थतन्त्रका प्रमुख परिसूचकहरुले के संकेत गर्दैछन् भन्ने मूल्यांकन गर्नु आवश्यक हुन्छ । त्यसैले, म सर्वप्रथम यस सम्मानित सदनमा बर्तमान आर्थिक अवस्थाको संक्षिप्त झलक प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

४. नवौं पञ्च बर्षीय योजना अवधिमा कृषि क्षेत्रको वृद्धि दर ४ प्रतिशत र गैर-कृषि क्षेत्रको वृद्धि दर ७.३ प्रतिशत गरी कूल गार्हस्थ उत्पादनको वृद्धि दर ६ प्रतिशत हासिल गर्ने लक्ष्य थियो । तर योजनाका प्रथम दुई वर्षहरुमा कृषि क्षेत्रको औसत वृद्धिदर १.७ प्रतिशत र गैर कृषि क्षेत्रको औसत वृद्धिदर ४ प्रतिशत गरी समग्र आर्थिक वृद्धिदर ३.१ प्रतिशत मात्र हासिल हुन सकेकोछ । नवौं योजना अवधिमा कूल गार्हस्थ उत्पादनसंग कूल वचत र कूल लगानीको अनुपात क्रमश: १७ प्रतिशत र २५ प्रतिशत पुर्‍याउने लक्ष्य रहेकोमा आर्थिक वर्ष २०५५।५६ मा कूल बचत र कूल लगानीको यस्तो अनुपात क्रमश: १०.६ प्रतिशत र १७.३ प्रतिशत मात्र हुने अनुमान छ ।

५. विगत दुई बर्षको अवधिमा मौसमको प्रतिकुलता, आर्थिक सुधारको क्षेत्रमा देखिएको अनिश्चितता, आन्तरिक साधन र स्रोत परिचालनमा आएको कमी तथा बढ्दो वित्त असन्तुलन आदिले गर्दा समग्र अर्थतन्त्रमा लगानीकर्ताको विश्वास बढ्ने परिस्थिति बन्न सकेन । लगानीको लागि आवश्यक पूँजीको लागत आशा गरे अनुरुप घट्न सकेन । बैदेशिक सहायताको परिचालन र उपयोगमा पनि कमी आउन गई आर्थिक गतिविधिमा शिथिलता देखा पर्‍यो । यी सबै कारणहरुले गर्दा आर्थिक बर्ष २०५५/५६ मा कृषि तथा गैर-कृषि क्षेत्रको बृद्धि दर क्रमश: २.४ र ४.१ प्रतिशतमा सीमित रहन गई समग्र आर्थिक वृद्धिदर ३.४ प्रतिशत रहने अनुमान छ ।

६. चालू आर्थिक बर्षमा रु. ३९ अर्व ४७ करोड ९४ लाख राजस्व उठाउने लक्ष्य राखिएको भएता पनि आर्थिक क्रियाकलापहरु तीव्र हुन नसक्दा र मूल्य अभिवृद्धि कर कार्यान्वयनमा आएका असजिलाहरुले गर्दा गत आर्थिक बर्षको तुलनामा राजस्व परिचालन ११.९ प्रतिशतले मात्र वृद्धि भई रु. ३६ अर्व ८५ करोड पुग्ने संशोधित अनुमान छ । यसरी कूल गार्हस्थ उत्पादन संगको राजस्वको अनुपात ११ प्रतिशत रहने अनुमान छ जुन आन्तरिक साधन र स्रोत परिचालनको दृष्टिले सन्तोषप्रद स्थिति होइन ।

७. चालू आर्थिक बर्षमा साधारणतर्फ रु. ३१ अर्व ९५ करोड २२ लाख र विकासतर्फ रु. ३७ अर्व ७४ करोड ११ लाख गरी कूल रु. ६९ अर्व ६९ करोड ३३ लाखको बार्षिक विनियोजन भएको थियो । आम निर्वाचन सम्पन्न गर्ने र नेपालमा आयोजना गरिने दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को एघारौं शिखर सम्मेलन तथा आठौं दक्षिण एशियाली खेलकूद आयोजनाको प्रारम्भिक तयारीको लागि समेत अतिरिक्त स्रोतहरुको परिचालन गर्नु परेकोले चालु आर्थिक बर्ष साधारणतर्फ विनियोजित बजेटको ९८.८ प्रतिशत खर्च हुने संशोधित अनुमान छ । तर राजनैतिक अस्थिरता, आम निर्वाचन, बैदेशिक सहायता प्राप्त आयोजनाहरुमा श्री ५ को सरकारले उपलब्ध गराउनु पर्ने साधनको पर्याप्त विनियोजन हुन नसक्नु तथा शोधभर्ना समयमै दावी नहुनु र परियोजना व्यवस्थापनमा देखिएका वाधा व्यवधानहरुको कारणले गर्दा विकास क्रियाकलापहरुले भने गति लिन सकेनन् । फलस्वरुप चालू आर्थिक बर्षमा विकास बजेट तर्फ भएको विनियोजनको ८३.४ प्रतिशत सम्म मात्र खर्च हुने संशोधित अनुमान रहेको छ ।

८. मौद्रिक परिसूचकहरु समग्रमा गत वर्षको तुलनामा कम दरले विस्तारित भएका छन् । गत आर्थिक वर्षको प्रथम ११ महिनाको अवधिमा संकुचित र विस्तृत मुद्रा प्रदाय क्रमशः १३.५ प्रतिशत र १७ प्रतिशतले वढेकोमा चालू आर्थिक वर्षको सोही अवधिमा मौद्रिक विस्तारको वृद्धि दर क्रमशः १३.१ प्रतिशत र १६.८ प्रतिशत रहन गएको छ । गत वर्षको सोही अवधिमा १५.५ प्रतिशतले वढेको निजी क्षेत्रतर्फ प्रवाहित कर्जा चालू वर्षमा १२.१ प्रतिशतले मात्र वढ्न सकेको छ ।

९. वाह्य ब्यापारतर्फ चालू आर्थिक वर्षको प्रथम ११ महिनामा कूल निर्यात गत आर्थिक वर्षको तुलनामा ३४.२ प्रतिशतले वृद्धि भई रु. ३३ अर्व २१ करोड पुगेको छ । यसमध्ये भारत तर्फको निर्यात ५०.८ प्रतिशतले र अन्य मुलुकहरु तर्फको निर्यात २६.४ प्रतिशतले वढेको छ । यस अवधिमा ऊनी गलैचा र तयारी पोशाकको निर्यात क्रमशः १५.७ प्रतिशत र ३७.१ प्रतिशतले बढेको छ । कूल आयात २.९ प्रतिशतले घटी रु. ७८ अर्व ९३ करोड पुगेको छ । भारतवाट भएको आयात १८.८ प्रतिशतले वृद्धि भएको छ भने अन्य मुलुकवाट भएको आयात १२.२ प्रतिशतले घट्न गएको छ । समग्रमा, निर्यात-आयातको अनुपात ४२.१ प्रतिशत रहेको छ ।

१०. चालु आर्थिक वर्षको प्रथम ८ महिना सम्मको पछिल्लो शोधनान्तरको परिसूचक अनुसार धेरै बर्ष पछि पहिलो पटक चालु खातामा रु. ३३ करोड बचत देखिएको छ । चालू खाताको स्थितिमा आएको यस्तो आधारभूत परिवर्तनको फलस्वरुप यस अवधिमा रु. ९ अर्व ९ करोडको शोधनान्तर बचत हुन गई २०५६ जेष्ठ मसान्तमा वैदेशिक विनिमय संचिति रु. ७४ अर्व ४८ करोड हुन पुगेको छ । हालसम्मको आयात प्रवृत्ति र विद्यमान विनिमय दरको आधारमा वर्तमान विदेशी मुद्रा संचितिले ११ महिनाको आयात धान्न सक्ने देखिन्छ ।

११. चालू आर्थिक वर्षको प्रथम ११ महिनामा विन्दुगत आधारमा समग्र राष्ट्रिय शहरी उपभोक्ता मूल्य सूचीको वृद्धि दर ११.८ प्रतिशत रहेको छ । गत आर्थिक वर्षको यसै अवधिमा मूल्य सूची ७.९ प्रतिशतले बढेको थियो । यसरी चालु बर्ष मूल्य वृद्धि उच्च हुनुको प्रमुख कारण आर्थिक वर्षको शुरु देखि नै खाद्य समूहको मूल्य सूचीमा निरन्तर रुपमा वृद्धि हुनु हो ।

## अर्थतन्त्रका चुनौतिहरु

सभामुख महोदय,

१२. हाम्रो अर्थतन्त्रमा अहिले पनि नीतिगत, संरचनागत र संस्थागत कमजोरी र चुनौतिहरु विद्यमान रहेको हुँदा हाम्रो अर्थतन्त्रको समग्र उत्पादन र आर्थिक वृद्धिदर दिगो र उच्च रहन सकेको छैन । प्रजातन्त्रको पुनर्स्थापन पछि हाम्रो अर्थतन्त्रलाई गतिशिल बनाउन थुप्रै नीतिगत, संरचनागत र संस्थागत सुधारका

प्रयासहरु थालिए । ती प्रयासहरुबाट हासिल भएका उपलब्धिहरु पनि उत्साहप्रद थिए । तर आर्थिक सुधार, नीतिगत परिवर्तन, संस्थागत क्षमता र जिम्मेवारीबोधले अपेक्षित निरन्तरता र प्रतिवद्धता नपाउनाले हाम्रा क्षमता र उपलब्धिहरु पनि खण्डित हुंदै गएका छन् । मुलुकमा गरीवी-बेरोजगारी र सामाजिक विषमताको घाउ बल्भिदै गईराखेको छ । प्रजातन्त्र पुनर्स्थापनको ९ वर्षपछि पनि यो स्थिति विद्यमान रहनु हाम्रो निम्ति ठूलो चिन्ता र चुनौतिको विषय हो । त्यसैले, मुलुकमा जटिल वन्दै गएको आर्थिक, सामाजिक, प्रशासनिक कमजोरी र चुनौतिहरुलाई निर्भिकतापूर्वक देश र जनताका माझमा राख्नु र तिनका समाधानका लागि निष्ठा र इमान्दारीपूर्वक प्रयत्न गर्नु म यो जननिर्वाचित सरकारको प्रमुख कर्तव्य ठान्दछु ।

१३. **<u>परम्परागत कृषि र न्यून उत्पादकत्व</u>** : छोटो अवधि भित्रै नेपाल र नेपाली जनताको लागि आयआर्जन र रोजगारीका अवसरहरु सिर्जना गर्ने भरपर्दो आधार मुलुकको कृषि क्षेत्र नै हो । तर हाम्रो संभावना र सामर्थ्यको यत्रो महत्वपूर्ण कृषि क्षेत्र आज पनि न्यून उत्पादकत्वको दुष्चक्रमा फँसेको छ । सिंचाईको असुविधा, निर्वाहमुखी खेती र पुरानो प्रविधिको प्रयोग, वीउ-मल र वजारको अपर्याप्तता, आदिले कृषि क्षेत्रको उत्पादनको वृद्धिदर अत्यन्त न्यून छ । कृषि क्षेत्रको वृद्धिदर न्युन भएको कारण मुलुकको समग्र आर्थिक विकासको दर नै न्यून रहन गएको छ । खासगरी ग्रामीण क्षेत्रमा आयआर्जन र रोजगारीका अवसरहरु बढ्न सकेका छैनन् । तर जनसंख्याको वृद्धिदर भने उच्च रहेको कारण हाम्रो प्रतिव्यक्ति आयमा अपेक्षित सुधार हुन सकेको छैन । त्यसैले, कृषि क्षेत्रको कसरी व्यवसायिकरण गर्ने र यस क्षेत्रमा उत्पादन, आयआर्जन र रोजगारीका अवसरहरु कसरी बढाउँदै लैजाने भन्ने हाम्रो अर्थतन्त्रको प्रमुख चुनौति हो ।

१४. **<u>औद्योगिक-व्यापारिक लगानीमा शिथिलता</u>** : प्रजातन्त्रको पुनर्स्थापन पछि नेपाली काँग्रेसको वहुमतको सरकारले अघि बढाएको आर्थिक सुधारका कार्यक्रमले स्वदेशी र विदेशी लगानीकर्ताहरुका माझ हाम्रो अर्थतन्त्रको प्रतिस्पर्धात्मक चरित्र र संभावनाका वारेमा ठूलो उत्साह जगाउन सफल भएको थियो । तर हालका वर्षहरुमा पटक-पटक सरकार र नेतृत्वको परिवर्तन तथा नीतिगत निरन्तरताका विषयमा बेलाबखत देखिएका आशंकाले देशको औद्योगिक र व्यापारिक लगानीको वातावरणमा नकारात्मक असर परेको छ । निर्यात क्षेत्रमा हाल केही सुधार देखिएता पनि स्थानीय कच्चा पदार्थमा आधारित अधिकांश उद्योगहरु प्रतिस्पर्धी हुन सकेका छैनन् । भौतिक पूर्वाधारको विकास र विस्तार हुन नसकेकोले पर्यटन, जलस्रोत जस्ता तुलनात्मक लाभका क्षेत्रहरुमा समेत अपेक्षित रुपमा लगानी आकर्षित हुन सकेको छैन । हाम्रो प्रतिस्पर्धी क्षमता भएको श्रमशक्तिमा आधारित उद्योगहरुले पनि बजारको उल्लेख्य हिस्सा पाएका छैनन् । हाम्रो संस्थागत, नीतिगत र कानूनी संरचनामा सुधार गर्दै जाने क्रममा देखिएको ढिलाई, प्रशासनिक झै-झमेला र राजनीतिक अस्थिरताको मिश्रित कारणले गर्दा निजी क्षेत्र स्वर्स्फूत रुपमा औद्योगिक-व्यापारिक लगानीका निम्ति अगाडी आउन सकिरहेको छैन ।

१५. **<u>गरीवी र वेरोजगारीको पुनर्उत्पादन</u>** : कृषि क्षेत्रको न्यून उत्पादकत्व, औद्योगिक लगानीमा शिथिलता र तीव्र जनसंख्या वृद्धिले गर्दा देशमा आयआर्जन र उत्पादनशील रोजगारीका अवसरहरुमा बृद्धि हुन सकेको छैन । अझ शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाहरुलाई समन्वयात्मक रुपमा ग्रामीण तहसम्म पुऱ्याउने सरकारको प्रतिवद्धता र क्षमतामा समेत ह्रास आउन गई मुलुकमा गरिवी र वेरोजगारीको पुनर्उत्पादन हुन सक्ने परिस्थिति बनेको छ । यद्यपी मुलुकमा अहिले पनि क्रियाशील नागरिक समाजको ग्रामीण विकास र गरीव जनताको जीवनस्तरमा सुधार ल्याउने प्रयास प्रंशसनीय भएपनि गरिवी निवारणका अधिकांश कार्यक्रम र प्रयासहरु क्रमशः प्रतिवद्धतारहित वचन र व्यवहारको कर्मकाण्ड (Ritual) वन्दै जाने खतरा उत्पन्न हुंदै गएको छ ।

१६. **<u>बोझिला सार्वजनिक संस्थान</u>** : साधन र स्रोतको अभावले पिरोलिएको हाम्रो जस्तो गरीब देशको अर्बौं रुपैयाको दुर्लभ साधन र स्रोत लगानी गरी स्थापित गरिएका अधिकांश सार्वजनिक संस्थानहरु अहिले अपेक्षित सेवा प्रदान गर्न नसकी गुणस्तरहीन उत्पादन र न्यून उत्पादकत्वको रोगले ग्रसित हुंदै गएका छन् । संस्थानहरुमा गरिएको अर्बौंको सरकारी लगानीको प्रतिफल नगण्य जस्तै छ । संस्थानहरुको उपल्लो तहको नियुक्ति, लगानी, खरीद जस्ता व्यावसायिक विषयमा सरकारी हस्तक्षेपको रोग वल्भिंदै गएको छ । सार्वजनिक संस्थानहरुमा व्यावसायिक सुशासन कायम हुन सकेको छैन । संस्थानले जनतालाई उपलब्ध गराउने वस्तु र सेवाको मूल्य नीतिले न्यूनतम लागत समेत उठ्न सकेको छैन ।

अर्थात, संस्थानहरु झन् झन् वोझिला र आफ्नो भार आफैं थाम्न नसक्ने हुंदै गएका छन् । यसरी सार्वजनिक संस्थानहरु एकातिर आफ्नो व्यावसायिक उद्देश्य प्राप्त गर्न सफल देखिंदैनन् भने अर्कोतिर संस्थानहरुको निजीकरण गर्ने प्रक्रिया पनि सुस्त गतिमा मात्र अघि बढिरहेको छ । यो असक्षमता र निष्क्रियताको बोझ अन्ततः गरीव नेपाली जनताको कांधमा नै थपिंदै गएको छ ।

१७. **शिथिल वित्तीय क्षेत्र** : प्रजातन्त्रको पुनर्स्थापन पछि मुलुकमा वित्तीय संस्थाहरुको प्रवेश र स्थापना उत्साहप्रद छ । तर निजी क्षेत्रको अग्रसरतामा धमाधम खुलेका वाणिज्य वैंकहरु, वित्त कम्पनी, वीमा कम्पनी, धितोपत्र बजारको कारोवार एवम् ग्रामीण विकास बैंक जस्ता संस्थाहरुले अझै पनि अपेक्षा गरे अनुरुप लगानी प्रवर्द्धन गर्ने दिशामा प्रभावकारी भूमिका खेल्न सकेका छैनन् । वित्तीय संस्थाहरुमा एकातिर मौद्रिक तरलता बढ्दै गएको संकेत देखिन्छ भने अर्कोतिर अझ पनि उच्च ब्याजदरका कारण उत्पादनशील क्षेत्रमा लगानी प्रवाहित हुन नसकेको स्थिति छ । देशका पुराना र व्यापक आधार भएका वाणिज्य बैंकहरु थुप्रदैं गएको खराव कर्जा र कमजोर ऋण असुली तथा पूंजीको आधार बढाउंदै लैजाने चुनौतिले ग्रस्त छन् । मुद्रास्फितिको तुलनामा वचतको न्यून ब्याजदरका कारण उत्पादनशील क्षेत्रमा लगानी हुन सक्ने पूंजीको ठूलो हिस्सा अनुत्पादक खर्चमा प्रवाहित हुन सक्ने अवस्था छ । वाणिज्य बैंक र वित्त कम्पनीहरुको व्यावसायिक कारोवार र दक्षतालाई अनुगमन र प्रोत्साहित गर्ने दायित्व बोकेको नेपाल राष्ट्र बैंकका सामु अनुगमन र सुपरिवेक्षण गर्ने क्षमता विस्तारित गर्दै लैजानु पर्ने ठूलो चुनौती समेत विद्यमान छ ।

१८. **विकास आयोजना र वैदेशिक सहायता** : आन्तरिक साधन र स्रोतले मात्र आर्थिक विकासका आवश्यकताहरुलाई पूरा गर्न नसक्ने हाम्रो जस्तो मुलुकमा वैदेशिक सहायताको आवश्यकता र महत्व रहनु स्वाभाविक नै हो । तर हामीले वैदेशिक सहायता स्वीकार गर्ने तथा सहायताको उपयोग गर्ने काममा छनौटपूर्ण र आफै निर्णायक हुने क्षमता गुमाउंदै जानु भने स्वाभाविक हुंदैन । नेपालले अहिले क्रमशः वैदेशिक सहायतालाई स्वीकार गर्ने र छनौटपूर्ण हुने क्षमता गुमाउंदै जाने खतरा बढेर गएको छ । वैदेशिक सहायतामा सजिलो पहुंच भएको कारणले आन्तरिक साधन परिचालन गर्न कठिन र परिश्रमपूर्ण बाटो र उपायतर्फ मुलुकको चासो कमजोर हुंदै गएको छ । फलस्वरुप वैदेशिक सहायताले हाम्रो आन्तरिक साधन स्रोत परिचालन गर्ने प्रयास र निजी लगानीलाई सहयोग पुऱ्याउनु पर्ने ठाउंमा यसलाई विस्थापित गर्ने संकेत देखिन थालेको छ । मुलुकको आफ्नै अग्रसरतामा थाल्नु पर्ने योजना र कार्यक्रमको लागि पनि नयाँ वैदेशिक सहायता खोज्ने प्रवृत्ति देशका निम्ति गंभीर चुनौति बन्दै गएको छ ।

१९. आजसम्मको हाम्रो वैदेशिक सहायताको परिचालन र उपयोगको सरसर्ती मूल्यांकन गर्दा हामीले प्राप्त गरेको बैदेशिक सहायता प्रत्यक्ष प्रतिफल दिने क्षेत्रमा जति प्रवाहित भएको छ, सहायता राशीको ठूलै रकम अत्याधुनिक उपकरण, सवारी साधन, महंगा विशेषज्ञ र सल्लाहकारको सेवामा पनि उपयोग हुने गरेको कठोर सत्य हाम्रो सामु छ । तर स्वदेश भित्र उपलब्ध जनशक्ति र संस्थागत क्षमता भने उपेक्षित रहेका छन् । दातृ राष्ट्र र संस्थाहरुको नेपाल प्रति सदासयता रहँदा रहँदै पनि हाम्रो संस्थागत क्षमता र प्रशोचन शक्तिलाई बढाउने दिशामा ठोस काम र उपलब्धी हासिल हुन सकेको छैन । वैदेशिक सहायतामा संचालित आयोजनाहरुको संख्या आश्चर्यजनक ढंगले थुप्रँदै छ तर लगानीको अनुपातमा प्रतिफलको मुल्यांकन गर्दा सरकार र दातृ समुदायले सन्तोष मान्ने आयोजनाहरुको संख्या धेरै छैन । यो कठोर यथार्थले वैदेशिक सहायतामा संचालित आयोजनाहरुको छनौट तथा आयोजनाको स्वरुप र ढाँचामा अन्तर्निहित समस्यालाई इंगित गर्दछ । चारदशक भन्दा वढी समय देखि वैदेशिक सहायता परिचालन हुँदै आएको हाम्रो मुलुकमा एउटा स्पष्ट र पारदर्शी वैदेशिक सहायता परिचालन गर्ने नीतिको निर्माण हुन नसक्नु यो समस्याको केन्द्र विन्दुमा रहेको कुरा मैले महशुश गरेको छु ।

२०. गरीवी निवारण र सामाजिक सेवाका विविध क्षेत्रमा क्रियाशील राष्ट्रिय र अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुसंग भएको स्रोत, साधन र सीपको पनि उचित समन्वय र उपयोग हुन सकेको छैन । गैर सरकारी संस्थाहरुको काममा दोहोरोपन छ । सरकारी प्राथमिकता र प्रयासहरुसंग यी संस्थाहरुको तालमेल छैन । गैर सरकारी संस्थाहरुले परिचालन गर्ने रकम सरकारी बजेटको समानान्तर कहाँ, कति र कसरी खर्च भइराखेको छ भन्ने जस्ता पारदर्शी विवरणहरु सार्वजनिक हुन सकेका छैनन् । यस्ता अधिकांश संस्थाहरुको प्रयास अझसम्म पनि शहर र शहर वरिपरिका ग्रामीण क्षेत्रमा सीमित छ । गैर सरकारी संस्थाहरुले परिचालन गर्ने सवै साधन र स्रोत मुलुकले आशा गरे झैं गरीव र लक्षित समूहसम्म

सोझै पुग्न सकेको छैन । त्यसैले आज नेपालका लागि वैदेशिक सहयोग र सहायताको मात्रा जति जरुरी छ नेपालले वैदेशिक सहायताको गुणस्तर र स्वरुप माथि दृष्टि पुर्‍याउनु पनि उत्तिकै जरुरी हुंदै गएको छ ।

२१. **आयोजना छनौटमा तदर्थवाद र प्रभावहीन कार्यान्वयन** : हाम्रो अर्थतन्त्रको अर्को गंभिर चुनौति धान्न नसकिने सीमा सम्म बढ्दै गएको आयोजनाहरुको संख्या हो । विकास आयोजनाहरुको वाहुल्यताले गर्दा सरकारको सीमित साधन र स्रोत अनुत्पादक ढंगले छरिने गरेको छ । जसले गर्दा विकास आयोजनाहरुको लागत बढ्ने, समय धेरै लाग्ने र अपेक्षित प्रतिफल प्राप्त हुन नसक्ने घटनाहरु अपवाद होइन सामान्य हुंदै गएका छन् । श्री ५ को सरकारको स्रोत यसरी जथाभावी छरिंदा वैदेशिक सहायताका लागि चाहिने सरकारी स्रोतको अंश घट्न गई वैदेशिक सहायताको प्रभावकारी उपयोग हुन नसक्ने र आयोजनाहरुको कार्यान्वयनमा समय र लागत बढ्दै जाने समस्या उत्पन्न भएको छ । तदर्थ रुपमा शुरु गरिएका विकास आयोजनाहरुको नाममा मन्त्रालय, विभाग, आयोग, समिति आदिको प्रशासनिक खर्च व्यहोर्ने पनि परम्परा बस्न थालेको छ । आवश्यकता, औचित्य र लागत-लाभ समेतको कसिमा राखेर विकास कार्यमा लगानी नगर्ने हो भने हाम्रो विकास अभियान गतिहिन हुने र अर्थतन्त्र ऋणको भारले अझै थिचिने संभावना छ ।

२२. **ह्रासोन्मुख संस्थागत क्षमता र प्रशासनिक मनोवल** : सरकारी निकायहरुमा समन्वयको अभाव र अनावश्यक ढंगले मन्त्रालय, विभाग र कार्यालयहरुको संख्या र खर्चमा हुँदै गएको विस्तार पनि हाम्रो लागि चुनौतिपूर्ण वन्दै गएको छ । नियमित प्रकृतिका र श्री ५ को सरकारले निश्चित गरी दिएका कामहरु पनि तदर्थ रुपमा गठन गरिने आयोग, समिति र कार्यदलहरु मार्फत गराउने प्रचलन बढेको छ । सरकारी नीति निर्माण र कार्यान्वयन गर्ने दायित्व र तहमा बसेका व्यक्तिहरु नै परामर्श सेवामा लिप्त भएका छन् । यो प्रवृत्तिले हाम्रो प्रशासनिक सेवालाई जिम्मेवार हुनबाट टाढा पुर्‍याएको छ । कर्मचारीहरुको संख्या र दरवन्दी बढ्दो छ तर कर्मचारीहरुको कार्य उत्प्रेरणा बढ्न सकेको छैन । प्रत्येक वर्ष सरकारले तलव र भत्ता वापत व्यहोर्नु पर्ने राशी बढ्दै गएको छ तर कर्मचारीहरुको खुद आयमा बढोत्तरी हुन सकेको छैन । सुविधा र कार्य उत्प्रेरणाको अभाव तथा प्रशासनमा बढ्दो राजनीतिकरणले गर्दा जनतालाई सरकारी सेवा प्रदान गर्ने निकायहरु उदासिन र कमजोर मनोवलका भएका छन् । तलवलाई हाजिर भए वापतको सुविधाको रुपमा हेरिनु तथा आफ्नो नियमित काम गर्न पनि थप भत्ताको माग गर्ने प्रवृत्ति बढ्दै जानुले हाम्रो प्रशासन यन्त्रको विद्यमान कमजोरीलाई देखाउँछ ।

२३. **भ्रष्ट आचरण र आर्थिक अनुशासनहिनता** : भ्रष्ट आचरण र आर्थिक अनुशासनहिनता आर्थिक सामाजिक विकृतिका रुपमा हरेक तह र क्षेत्रमा फैलिदै गएको छ । गरीव र निमुखा जनताका लागि सरकारले प्रदान गर्ने सेवा र सुविधा पाउन कठिन हुदै गएको छ । ठूलो खर्च व्यहोरेर स्थापित सरकारी अड्डाहरुमा सेवा, सुविधा, अधिकार र न्यायको खोजी गर्न जाने सर्वसाधारणले अतिरिक्त मूल्य चुकाउनु पर्ने लज्जास्पद स्थिति विद्यमान छ । नीतिगत तहको समेत संलग्नतामा स्रोत र साधनहरु संकलन गर्दा राजस्वको दुरुपयोग तथा सरकारी खर्च गर्दा मनपरी ढंगले आर्थिक अनियमितता र भ्रष्टाचार हुने गरेको जनगुनासो व्याप्त छ । हाम्रो सार्वजनिक निर्माण, सरकारी खरीद, आपूर्ति, राजस्व प्रशासन र सरकारी सेवा प्रदान गर्ने अड्डाहरुमा सक्षमता, पारदर्शिता, जवाफदेहिता र भ्रष्टाचारमुक्त सेवा र निर्णय सुनिश्चित नगरी जनतालाई सुशासनको प्रत्याभूति र अनुभूति गराउन संभव छैन ।

२४. **बजेट घाटा तथा राजस्व र खर्चको बढ्दो असन्तुलन** : जुन मात्रा र गतिमा हाम्रो खर्चको वृद्धि हुंदै गएको छ हाम्रो राजस्व परिचालन गर्न सक्ने क्षमता त्यही गति र मात्रामा बढ्न सकेको छैन । विकास आयोजनाहरुमा हामी छनौटपूर्ण हुन नसकेका कारणले विकास खर्च लगातार बढ्दै गएको छ भने साधारण खर्च तर्फ वर्षेनी ऋणको सांवा भुक्तानी र बढ्दो तलव भत्ताको बोझले खर्च व्यवस्थापनमा गंभीर समस्या उत्पन्न हुँदै गएको छ ।

२५. ऋणलाई उत्पादनशील ढंगले उपयोग गर्न नसकेको कारणले ऋणको सांवा र व्याज भुक्तानी गर्ने हाम्रो क्षमता आशा गरे अनुरुप बढ्न सकेको छैन । फलस्वरुप अहिले हामी राजस्वको रुपमा कूल गार्हस्थ उत्पादनको करीव ११ प्रतिशत मात्र आन्तरिक साधन परिचालन गर्छौं । यसरी संकलित राजस्वको झण्डै एक चौथाई रकम ऋण सेवामा खर्च हुन्छ । तलव, भत्ता, निवृत्तिभरण र सरकारी अनुदानको रुपमा पनि उल्लेखनीय रकम प्रवाहित हुन्छ । यसवाहेक कार्यालय संचालन खर्च अनियन्त्रित रुपमा बढ्दै गएकोले विकासका लागि राजस्वको अत्यन्त सानो अंश मात्र छुट्याउन सकिने अवस्था छ । राजस्व र खर्चको यो

बढ्दो असन्तुलनलाई समाप्त गर्न खर्च व्यवस्थापन र राजस्व परिचालनमा थप जोड दिनु बाहेक अर्को विकल्प छैन । विश्व व्यापार संगठनमा सहभागी हुने तयारी तथा दक्षिण एशियाली मुलुकहरुका बीच आपसी व्यापारलाई खुला र उदार बनाउँदै लैजाने पृष्ठभूमीमा भन्सार राजस्वमा हाम्रो तुलनात्मक निर्भरता कम हुँदै जाने स्पष्ट छ । आर्थिक गतिविधि तीब्र रुपले नवढी छोटो अवधिमै आयकरबाट अधिकतम राजस्व परिचालन संभव हुँदैन । यसरी दीर्घकालीन दृष्टिले मूल्य अभिवृद्धि कर मात्र हाम्रो राजस्व परिचालनको एउटा भरपर्दो स्रोत देखिए पनि यसको प्रभावकारी कार्यान्वयनमा आएको शिथिलताले हाम्रो आन्तरिक साधन र स्रोतको परिचालनलाई चुनौतीपूर्ण बनाएको छ ।

## बजेटका उद्देश्य, नीति तथा कार्यक्रमहरु

सभामुख महोदय,

२६. उल्लेखित चुनौतीहरुलाई सामना गर्दै हाम्रो अर्थतन्त्रलाई जीवन्त र गतिशील बनाउन विवेकपूर्ण नीति तथा कार्यक्रमहरु र यी नीति तथा कार्यक्रमहरुको कार्यान्वयनका लागि सामुहिक प्रतिवद्धता अनिवार्य छ । आर्थिक बर्ष २०५६/५७ को बजेट तर्जुमा गर्दा नेपाली काँग्रेसले जनता सामु गरेका वाचाहरु र नवौं योजनाका उद्देश्य र प्राथमिकतालाई मैले बजेट संरचनाको केन्द्र विन्दु बनाएको छु । बजेटका उद्देश्य र यी उद्देश्य प्राप्तिका लागि सरकारले अवलम्बन गर्नु पर्ने नीति र कार्यक्रमले आगामी पाँच बर्षसम्म निरन्तरता पाउने प्रतिवद्धताका साथ आर्थिक बर्ष २०५६/५७ देखि अभियानका रुपमा कार्यान्वयन गर्ने क्रममा निम्न उद्देश्य र कार्यक्रमहरु प्रस्तावित गरेको छु ।

### उद्देश्य

(क) कृषिको आधुनिकीकरण, ग्रामीण विकास, सामुदायिक सहभागिता, महिला सशक्तिकरण, रोजगारी सृजना र आर्थिक सामाजिक पूर्वाधार विकासको माध्यमद्वारा गरीवी घटाउने,

(ख) आर्थिक स्रोत र साधनहरुको उच्चतम परिचालन र विवेकपूर्ण उपयोगद्वारा उच्च आर्थिक वृद्धिदर हासिल गर्ने,

(ग) आर्थिक सुधारलाई निरन्तरता दिंदै निजी क्षेत्रको सहभागिता वृद्धि गरी सुदृढ अर्थतन्त्रको विकास गर्ने, र

(घ) विकास प्रशासनलाई सेवा र परिणाममुखी बनाई सुशासनको प्रत्याभूति दिने ।

## विकास नीति र कार्यक्रम

सभामुख महोदय,

२७. उल्लेखित उद्देश्यहरु प्राप्तिका खातिर संयमता पूर्वक निरन्तर रुपमा आगामी केही बर्ष थप मेहनत गर्नु पर्ने खाँचो त छँदैछ, विकास नीति र कार्यक्रमहरुलाई सर्वसाधारण जनताले ग्रहण गर्न सक्ने र विकास अभियानमा तिनलाई घनिष्टतम रुपले संलग्न गराउने परिस्थितिको निर्माण गर्नु पर्ने आवश्यकता पनि टड्कारो देखिएको छ । त्यसैले आगामी आर्थिक बर्षको लागि बिकास नीति तथा कार्यक्रम प्रस्ताव गर्दा विकास परियोजनाहरुमा जनताको स्वामित्व स्थापना गराउने तर्फ विशेष ध्यान दिनका अतिरिक्त निम्न नीति र कार्यक्रमहरुमा जोड दिएको छु ।

### गरीवी घटाउने

२८. गरीवी हाम्रो सामाजिक परिवर्तन र विकास प्रयासमा सवैभन्दा गंभीर बाधक र चुनौती रही आएको छ । त्यसैले गरीवीको कुचक्रमा फसेका हाम्रा गाउँघरका वहुसंख्यक नेपालीलाई मुक्ति दिलाउने कुरा नै यो बजेटको मूल विषयवस्तु बनेको छ । यस प्रयासमा मैले गाउँ, गाउँका निर्धन किसान, कठोर परिश्रमका प्रतीक महिलाहरु र हाम्रो कृषि क्षेत्रलाई नै गरीवीबाट मुक्तिको एउटा प्रमुख आधार बनाएको छु ।

२९. गाउंका अति विपन्न किसानहरु जसको आंगमा फाटेको र मैलो लुगा छ, जो झुपडीमा बस्छ, जसका छोराछोरीले पढ्ने-लेख्ने अवसर पाउंदैनन्, जो विरामी पर्दा आफु र आफ्ना केटाकेटीहरुका लागि औषधी उपचार गर्न सक्दैनन् र जसको पहुँच भूमी, पूंजी, तालिम र रोजगारीमा समेत छैन त्यस्ता विपन्न परिवारहरुलाई लक्षित गरेर आगामी आर्थिक वर्ष देखि "**गरीवसंग विश्वेश्वर**" नामक एउटा राष्ट्रव्यापी गरीवी निवारण कार्यक्रम प्रारम्भ गरिनेछ । यो कार्यक्रम अन्तर्गत आगामी आर्थिक बर्ष अर्थात कार्यक्रमको पहिलो वर्षमा प्रत्येक निर्वाचन क्षेत्रबाट १०० अति विपन्न परिवार पहिचान गरी कूल २० हजार ५ सय परिवारहरुलाई आफ्नो घर, आयआर्जनका लागि काम वा पशुधन, केटाकेटीका निम्ति शिक्षा र स्वास्थ्य सुविधा एकिकृत रुपमा उपलब्ध गर्न र गराउन सक्ने बनाउन ५ प्रतिशत ब्याजमा प्रत्येक विपन्न परिवारलाई क्रमिक रुपमा रु. ३० हजारसम्म ऋण सुविधा उपलब्ध गराइने छ । आगामी पाँच वर्ष भित्र यो कार्यक्रमबाट देशभरिका २ लाख विपन्न परिवारहरुलाई गरीवीको दुष्चक्रबाट मुक्ति दिलाइने छ ।

३०. आगामी बर्ष गरीवी निवारणमा प्रत्यक्ष मद्दत पुऱ्याउने कार्यक्रमहरुका निम्ति स्रोत साधन र संस्थागत क्षमताको विकास गर्न "**गरीवी निवारण कोष**" स्थापना गरिने छ । साना सडक, कूलो जस्ता उत्पादन वृद्धिका परिपूरक पूर्वाधारहरुको निर्माणका साथै सहकारी मार्फत बजार व्यवस्था, प्रशिक्षण कार्यक्रमहरु र लघु कर्जाको लागि यस कोषको साधन उपयोग गरिने छ । छरिएर रहेका गरीवी निवारणका कार्यक्रमहरुलाई यसै कोष मार्फत एकीकृत र समन्वित गरिने छ ।

३१. गत वर्षदेखि विशेष क्षेत्र विकास कार्यक्रम मुलुकको २५ जिल्लामा लागू गरी वाटोघाटोको निर्माण, कुलो कुलेसा र सिंचाइका अन्य वैकल्पिक उपायको अवलम्बन, लघु जलविद्युतको स्थापना, कृषि र पशु विकास कार्यक्रम, जडिवुटी विकास र तालिम कार्यक्रम आदि संचालन गरिएको छ । यो कार्यक्रमलाई अझ बढी प्रतिवद्धताका साथ लागू गर्न चालू वर्ष आवश्यक वजेटको विनियोजन गरेको छु ।

३२. गरीव किसानको हित प्रवर्धन गर्न आगामी आर्थिक बर्षमा साना किसान तथा सहकारी बैंकको स्थापना गरिने छ । ग्रामीण विकास बैंक, कृषि विकास बैंक र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुले संचालन गर्दै आएका कार्यक्रमहरुलाई घनीभूत गरी गरीवी निवारण गर्ने लक्ष्य प्राप्ति तर्फ अभिमूखिकरण गराइने छ । कृषि विकास बैंकले लिएको सुधार कार्यक्रमलाई निरन्तरता दिई यस बैंकको पूँजी समेत वृद्धि गर्ने व्यवस्था मिलाइने छ । सहकारीको माध्यमबाट कृषि पैदावरको बजार व्यवस्थाको विकास गरी सिमान्त कृषकलाई लाभान्वित गराइने छ । किसानहरुलाई आकस्मिक नोक्सानीको मारबाट जोगाउन वाली वीमा व्यवस्थाको अध्ययन गराई वाली वीमा गराउने कार्य प्रारम्भ गरिने छ । पशुधन वीमा कार्यक्रमलाई गाउँघर सम्म पुऱ्याइने छ । सहकारी विभाग, राष्ट्रिय सहकारी संघ र राष्ट्रिय सहकारी विकास बोर्ड वीच कार्यगत एकता कायम गरी कृषकहरुलाई पूर्व सहकारी तथा व्यवशायिक तालीम दिइने छ । उत्पादनको उचित मूल्य र बजार पाउन सहकारी बजार प्रणालीको विकास तथा प्रवर्धन गरिने छ । सुकुम्वासी समस्या समाधान आगामी बर्षभित्रै गर्न कार्यक्षेत्र समेत किटान गरिने छ । पश्चिमी तराई गरीवी निवारण परियोजना, दुर्गम क्षेत्र विकास कार्यक्रम तथा एकीकृत ग्रामीण विकास परियोजनाहरुलाई समन्वयात्मक रुपमा अगाडि बढाइने छ ।

## सामाजिक उत्थान र सुरक्षा

सभामुख महोदय,

३३. अहिले केही व्यक्तिहरु हत्या र आतंकको गलत बाटोमा लागेर आफ्नो घर परिवार र समाजबाट आफैं विस्थापित भएका छन् । जीवन र भविष्य प्रति क्षणिक निरासाको वेला भावुकता र आवेशमा भड्किएका वा भड्काइएका कतिपय व्यक्तिहरुका मनमा अहिले पश्चाताप र गलतिको बोध हुनु पनि स्वभाविक नै हुन्छ । त्यसैले हिंसा-हत्या र आतंकको गलत बाटो त्यागेर संविधान र कानून सम्मत ढंगले सामान्य र शान्तिपूर्ण जीवनमा फर्किन चाहने, हथियार सहित आत्मसमर्पण गर्ने त्यस्ता व्यक्तिहरुलाई सरकारले जीवनयापन गर्न आर्थिक सहयोग र संरक्षण कार्यका लागि "**गणेशमान सिंह शान्ति अभियान**" अन्तर्गत पुनर्स्थापना कार्यक्रमका लागि पनि बजेट विनियोजन गरेको छु ।

३४. ७५ बर्ष नाघेका वृद्ध, विधवा र असहायहरुलाई हाल दिइदै आएको मासिक रु. १ सय भत्तालाई अन्तराष्ट्रिय वृद्ध बर्षको सम्मान गर्दै मासिक रु. १ सय ५० प्रदान गर्ने प्रस्ताव गरेको छु । तर यो रकमको सदुपयोग पारदर्शी ढंगले गराउन सहायता प्राप्त गर्ने व्यक्तिको नाम नामेसी र यो रकमको खर्चको प्रयोग सार्वजनिक गर्नु पर्ने व्यवस्था मिलाइएको छ ।

३५. आगामी आर्थिक बर्षको नयाँ शैक्षिक सत्रदेखि कक्षा ५ सम्म पाठ्यपुस्तकहरु निःशुल्क दिने गरी वितरण प्रणालीलाई व्यवस्थित गरिने छ ।

३६. सामाजिक रुपमा पिछडिएका जातीहरुको उत्थानका निम्ति संचालन गरिएका दलित, जनजाती कार्यक्रमहरुलाई निरन्तरता दिदै अरु सशक्त वनाउने तथा कमैया ऋण मोचन कार्यलाई अघि बढाइने छ ।

३७. जन-आन्दोलनका शहीदहरुका छोराछोरीलाई निःशुल्क शिक्षा दिने सुविधा कायमै गरी छात्रवृत्तिको थप व्यवस्था गरिने छ । आर्थिक अवस्था कमजोर भएका र सामाजिक दृष्टिले पिछडिएका समुदायका २ लाख २५ हजार छात्राहरुलाई आगामी पाँच वर्ष भित्रमा छात्रवृत्ति प्रदान गर्ने लक्ष्य अनुसार आगामी वर्षको लागि उपयुक्त कार्यक्रम सञ्चालन गरिने छ । पिछडिएका क्षेत्र, जनजाति, दलितवर्ग र अपाङ्गहरुलाई उच्च शिक्षाको अवसर प्रदान गर्न छात्रवृत्तिको व्यवस्था गरिने छ ।

३८. समाज कल्याण परिषद्बाट स्वरोजगारी श्रृजना गर्ने उद्देश्यले अन्धा, वहिरा र शारिरीक अपाङ्गहरुका लागि विना धितो प्रति व्यक्ति रु. २० हजार सम्मको लघु कर्जा प्रदान गर्ने प्रभावकारी कार्यक्रमलाई अघि बढाइने छ ।

<u>रोजगारी अभिवृद्धि</u>

३९. देशको युवा शक्तिलाई विभिन्न सीप र व्यवसायमा दक्ष बनाउने क्रममा आगामी आर्थिक वर्ष देखि एउटा प्रभावकारी राष्ट्रिय युवा प्रशिक्षण कार्यक्रम प्रारम्भ गरिनेछ । यो कार्यक्रम अन्तर्गत आगामी आर्थिक वर्षमा १८ हजार युवा युवतीहरुलाई स्वरोजगार सिर्जना हुने व्यावसायिक प्रशिक्षण दिनका अतिरिक्त थप २ महिना स्वरोजगार खोजी भत्ता समेत उपलव्ध गराई उत्पादनशील काममा लाग्न उत्प्रेरित गरिनेछ । प्रशिक्षण प्राप्त यस्ता युवा युवतीहरुलाई आफ्नो व्यवसाय गर्न बैंकबाट सहुलियतपूर्ण कर्जा समेतको व्यवस्था गरिनेछ ।

४०. सीपमूलक तथा व्यवसायिक तालीमहरु प्रदान गरी गरीवहरुलाई साना व्यवसायमा संलग्न गराउने व्यवस्था मिलाइने छ । साना व्यवसायबाट रोजगारी र आय दुवै प्राप्त हुने हुँदा कृषि विकास बैंकबाट गरिने लगानीलाई यस्ता व्यवसायतर्फ केन्द्रित गराइने छ ।

४१. रोजगारी अभिवृद्धि गर्ने उद्देश्यमा योगदान पुऱ्याउन श्री ५ को सरकारद्वारा जिल्ला स्तरमा संचालन गरिने साधारणतया रु. २० लाखभन्दा कम रकमका विकास निर्माण सम्वन्धी कार्यहरु खासगरी सडक निर्माणमा मेशिनरी औजारको प्रयोग नगरी श्रममूलक र पर्यावरणीय पद्धति लागू गर्नुपर्ने गरी आवश्यक निर्देशिका तयार गरिने छ ।

४२. आगामी आर्थिक बर्षमा विभिन्न मन्त्रालयहरुबाट गरिने अन्य तालिम कार्यक्रमलाई संयोजन गरी दोहोरोपन हटाउने र कार्यमूलक बनाइने छ । साथै खास गरी घरेलु उद्योग, कृषिका विभिन्न पक्षहरुमा दिइने तालिम र स्वास्थ्य क्षेत्रमा दिइने तालिमबाट उत्तीर्ण जनशक्तिलाई स्वरोजगारतर्फ प्रोत्साहन गर्न सहुलियतपूर्ण ऋण दिने व्यवस्था मिलाएको छु ।

४३. उद्योग, वाणिज्य एवं पर्यटन क्षेत्रमा गरिएको नीतिगत सुधार एवं सूचना प्रविधि क्षेत्रको विकासमा दिइएको जोडबाट यी क्षेत्रहरुमा खासगरी शिक्षित युवाहरुको लागि रोजगारका नयाँ अवसरहरु स्वदेश भित्रै श्रृजना हुने विश्वास छ । साथै वैदेशिक रोजगारी अभिवृद्धि गर्न संभावित रोजगारीका अवसरहरु खोजी विषयगत तालिम आदि कार्यहरुमा विशेष जोड दिई यस्ता अवसरहरुमा अभिवृद्धि गरिने छ । साथै

यी अवसरहरुबाट नेपालले प्रत्यक्ष रुपमा लाभ प्राप्त गर्न एवं नेपालीहरुको हक हितको सुरक्षा गर्न सरकारी स्तरमा आवश्यक व्यवस्था गरिने छ ।

## महिला सशक्तिकरण र विकास

४४. हाम्रो मुलुकमा जुन मात्रामा गरीवी र जुन ढंगको सामाजिक असमानता व्याप्त छ त्यसका विरुद्ध संघर्ष गर्ने अठोट गर्दा महिलाहरुको शक्ति र सामर्थ्यलाई उपयोग नगर्ने हो भने हाम्रो गरीवी निवारणको राष्ट्रिय अभियान किमार्थ सफल हुने छैन । यो मुलुकमा गरीवीको सवैभन्दा ठूलो बोझ र असमानताको सवैभन्दा ठूलो पीडा महिलाहरुले भोगेका छन् । त्यसैले आगामी आर्थिक वर्ष देखि मुलुकको आर्थिक सामाजिक परिवर्तनका प्रयासहरुमा महिलाहरुको नेतृत्व र सहभागितामा तथा महिला शक्तिलाई माध्यम बनाएर राष्ट्रिय अभियानको रुपमा "जागृति" (महिला आय आर्जन) कार्यक्रम प्रारम्भ गरिनेछ । यो कार्यक्रम अन्तर्गत आगामी पहिलो वर्ष अधिराज्यका ९ सय ४० गाउँ विकास समितिहरुका ६५ हजार ४ सय महिलाहरुलाई समूहमा आवद्ध गराई सामाजिक परिचालनकर्ता मार्फत समूह शिक्षा, सीप विकास, स्वरोजगार, जनस्वास्थ्य तथा सहकारिता जस्ता विषयमा तालिम दिनका अतिरिक्त कृषि विकास बैंकसंग संस्थागत सम्बन्ध स्थापित गरी लघुकर्जाको माध्यमबाट आयवृद्धि कार्यक्रमहरु संचालन गरिनेछ । यो कार्यक्रम क्रमशः देशव्यापी रुपमा विस्तारित गर्दै लगिनेछ । आगामी पाँच वर्ष भित्रमा यो कार्यक्रमबाट ३ लाख ८० हजार महिला परिवारहरु प्रत्यक्ष रुपमा लाभान्वित हुनेछन् ।

४५. देशमा महिला साक्षरता कम रहेको सन्दर्भमा महिला शिक्षालाई प्रोत्साहन गर्ने उद्देश्यले अधिराज्यका १८ जिल्लाहरुमा महिला फिडर छात्रावासमा वसी अध्ययन गर्ने छात्राहरुलाई हाल प्रति छात्रा प्रति महिना सुगम जिल्लामा रु. ५ सय ५० र दुर्गम जिल्लामा रु. ६ सय ५० उपलव्ध गराउँदै आएकोमा आगामी आर्थिक बर्ष देखि उक्त रकम वृद्धि गरी क्रमशः रु. ८ सय ५० र रु. १ हजार ५० गरिएको छ ।

## वित्तीय क्षेत्रको सुधार

४६. मुलुकको आर्थिक विकासलाई दीगो रुपमा टेवा दिन वित्तीय क्षेत्र एवं पूँजी बजारको विकास अत्यन्त आवश्यक हुन्छ । वित्तीय क्षेत्रतर्फ विगतमा देखापरेको विस्तार सकारात्मक रहेता पनि यसको अनुगमन एवं स्वस्थ विकास तर्फका प्रयासहरु चुनौतीपूर्ण वन्दै गएका छन् । यिनै विषयहरुलाई मध्यनजर राखी आगामी आर्थिक बर्षमा वित्तीय क्षेत्रमा व्यापक सुधार कार्यक्रमको थालनी गरिने छ । यस क्रममा विद्यमान नेपाल राष्ट्र बैंक ऐनलाई समय सापेक्ष बनाउन र राष्ट्र बैंकलाई अनुगमन र निरीक्षण कार्यमा बलियो बनाउन आवश्यक व्यवस्था सहितको ऐन संसदको चालु सत्रमा प्रस्तुत गरिने छ । त्यस्तै मुलुकभित्रका बैंकिंङ र गैर-वैकिंङ वित्तीय कारोवारलाई व्यवस्थित एवं स्वस्थ रुपले अगाडि डोऱ्याउन तथा सहकारी लगायत सवै वित्तीय कम्पनीहरुलाई निर्देशन, सुपरिवेक्षण र अनुगमन गर्न गराउन सम्वन्धित ऐनहरुमा आवश्यक सुधार गरिने छ ।

४७. राष्ट्रिय बाणिज्य बैंकमा क्रमशः निजी क्षेत्रको सहभागीता बढाउन यसमा आवश्यक सुधार गरी पूंजी बजारमा शेयर वेच विखन गर्न आवश्यक व्यवस्था गरिने छ । नेपाललाई अन्तर्राष्ट्रिय वित्तीय केन्द्रबाट हुन सक्ने फाइदालाई दृष्टिगत गरी यस सम्वन्धी ऐन गत आर्थिक बर्षमा यस सम्मानीत सदनले पारित गरिसकेको छ । आगामी आर्थिक वर्षमा यस सम्वन्धी पूर्वाधारका कार्यहरु सम्पन्न गरी अन्तर्राष्ट्रिय वित्तीय केन्द्र स्थापना गर्ने वातावरण तैयार गरिने छ ।

४८. वाणिज्य बैंकको निक्षेप र कर्जा वीचको व्याज दर फरक घटाउन विगतमा भएका प्रयासहरुलाई प्रभाबकारी बनाउदै यस्तो फरकलाई ५ प्रतिशतभन्दा बढ्न दिइने छैन । त्यस्तै कर्जा असूली ऐन तर्जुमा गरी कर्जा असूलीको लागि सुदृढ कानूनी व्यवस्था निर्माण गरिने छ । टाट पल्टेको संस्था सम्बन्धी ऐन तर्जुमा गरिने छ ।

४९. देशको लगानीको वढ्दो आवश्यकता पूरा गर्न विगतमा वित्तीय क्षेत्रमा भएको उदारीकरणबाट प्राप्त सकारात्मक उपलब्धिहरुलाई जगेर्ना र प्रवर्द्धन गर्दै लगिने छ । यसको लागि संयुक्त लगानीमा स्थापित बैंकहरुमा वैदेशिक शेयर-स्वामित्वको अंश ५० प्रतिशत रहेकोमा यसलाई पुनरावलोकन गरी वृद्धि गरिने छ । साथै आफ्नो शाखा कार्यालय खोली बैंकिङ्ग सेवा प्रदान गर्न इच्छुक अन्तर्राष्ट्रिय ख्याति प्राप्त प्रमुख

बैंकहरुलाई शाखा सञ्चालनको लागि अनुमति प्रदान गर्ने सम्वन्धमा आवश्यक शर्त र कार्यविधि सार्वजनिक गरिने छ । यसबाट बैंकिङ्ग क्षेत्र अरु प्रतिस्पर्धात्मक भई जनतालाई उच्च स्तरको बैंकिङ्ग सेवा प्रभावकारीरुपमा उपलव्ध हुनेछ । यस बाहेक यस व्यवस्थाबाट ठूलो दीर्घकालीन लगानी आवश्यक पर्ने उद्योग, जलस्रोत, पर्यटन, शिक्षा, स्वास्थ्य, पूर्वाधार निर्माण जस्ता क्षेत्रहरुमा कम व्याजदरमा यथेष्ट लगानी उपलव्ध भई राष्ट्रको दीर्घकालीन आर्थिक विकासको लागि महत्वपूर्ण योगदान मिल्ने विश्वास लिएको छु ।

५०. कर्मचारीहरुको आवासलाई उनिहरुको सामूहिक जमानीमा तथा आवास निर्माण कम्पनीलाई आवास योजना संचालन गर्न आवश्यक सुरक्षणमा परियोजना कर्जा कर्मचारी संचय कोषबाट उपलव्ध गराउने व्यवस्था मिलाइने छ ।

## उद्योग, वाणिज्य, पर्यटन र विदेशी विनिमय

५१. हाल निर्यात क्षेत्रमा देखिएको गतिशिलता अर्थतन्त्रको अत्यन्त सकारात्मक पक्ष रहेको छ । यस क्षेत्रको थप प्रवर्द्धन र विस्तारको लागि निर्यातयोग्य वस्तुहरुको सूची तयार गरी सम्भावित व्यवसायीहरुलाई त्यस्ता वस्तुहरुमा लगानी गर्न आकर्षित गराइने छ । निर्यातमूलक उद्योगहरुलाई प्रोत्साहित गर्न अघिल्लो बर्ष भन्दा बढी निर्यात गर्ने निर्यातकर्तालाई उद्योगको विविधिकरण र क्षमता विस्तार गर्न सहुलियत व्याजदरमा ऋण उपलव्ध गराइने छ । प्रतीतपत्रको आधारमा कूल निर्यातको ३५ प्रतिशत सम्म सहुलियत व्याजदरमा पूर्व निर्यात कर्जा उपलव्ध गराइने छ ।

५२. पूँजी बजार मार्फत पूँजी उठाउने संगठित संस्थाहरुको सञ्चालन व्यवस्था सम्बन्धमा एक आचार संहिता तर्जुमा गरी सोही अनुसार संगठित संस्थाको सञ्चालन गर्न गराउन आवश्यक कानूनी एवं संस्थागत व्यवस्था गरिने छ । संगठित संस्थाहरुले अवलम्बन गर्ने लेखा प्रणालीलाई अन्तर्राष्ट्रिय स्तरको बनाई धितोपत्र बजारलाई पूर्ण पारदर्शी एवं विश्वसनीय बनाइने छ । धितोपत्र कारोवारमा तत्काल तरलता प्राप्त हुने व्यवस्था गर्न र कारोवार भएका धितोपत्रको नामसारी तुरुन्त हुने व्यवस्था मिलाउन धितोपत्र निक्षेप प्रणाली सञ्चालन गर्न आवश्यक पर्ने कानूनी व्यवस्था गरिने छ । अन्तर्राष्ट्रिय लेखा र लेखा परीक्षण कम्पनीहरुलाई नेपालमा कार्यालय खोली काम गर्न दिने व्यवस्था मिलाउन आवश्यक तैयारी गरिने छ ।

५३. विदेशी मुद्राको सहुलियतपूर्ण ऋण सुविधालाई विस्तार गरी चालु एवं नयाँ स्थापना हुने कपडा उद्योगको संचालनको लागि आवश्यक पर्ने मेशिन र कच्चा पदार्थको आयातमा समेत सो ऋण उपलव्ध गराइने छ । अमेरिकी डलर ३० लाख भन्दा बढीको सामान निर्यात गर्ने उद्योग तथा निर्यातकर्ताहरुलाई विदेशी मुद्राको आर्जनको ३ प्रतिशत सम्म रकम विदेशमा सम्पर्क कार्यालय र विक्री तथा प्रदर्शन कक्ष स्थापनाको प्रयोजनकालागि उपलव्ध गराइने छ । मुख्य मुख्य निर्यातयोग्य वस्तुको विदेशी आयातकर्तालाई नेपालमा सम्पर्क कार्यालय खोल्न दिने नीतिगत व्यवस्था गरिने छ ।

५४. हाल निर्माणाधीन अवस्थामा रहेको “ड्राइपोर्ट” सुविधाबाट निर्यात प्रवर्धनमा सरलीकरण एवं ठोस योगदान हुन गई निर्यातजन्य उद्योगहरुको विकासमा सघाउ पुग्न जाने छ । साथै निर्यातमूलक उद्योगहरुलाई चाहिने भौतिक पूर्वाधार लगायतका प्रशासनिक एवं आर्थिक सुविधाहरु एकै थलोबाट उपलव्ध गराई औद्योगीकरण प्रकृयालाई गति दिने उद्देश्यले “ड्राइपोर्ट” सुविधा उपलव्ध हुने स्थलहरु नजिकै क्रमशः निर्यात प्रवर्धन केन्द्रको स्थापना गरिने छ ।

५५. देशमा सक्षम लगानी, आर्थिक गतिशिलता र साधनको उपयोग अभिवृद्धि गर्ने उद्देश्यले हालसम्मको निजीकरणको समीक्षा गरी निजीकरण कार्यलाई अगाडि बढाइने छ । सरकारी संस्थानहरुको उत्पादन र सेवाको मूल्य निर्धारण गर्दा लागतको आधारमा कायम गरिनेछ तथा लागत घटाई बजार अर्थतन्त्रको अनुकूल हुने गरी प्रतिस्पर्धी मूल्य नीति अपनाइनेछ । सरकारी संस्थानको व्यवस्थापन क्षमता अभिवृद्धि गरी कार्य संचालन गराउन आवश्यक व्यवस्था मिलाइने छ ।

५६. विदेशी विनिमय नीतिमा विगतका बर्षहरुमा धेरै सुधार भएको छ । नेपाली मुद्रालाई चालू खातामा पूर्ण परिवर्त्य गराउन जे जति प्रक्रिया बाँकी छ सो पुरा गराउन नयाँ विदेशी विनिमय ऐन संसदमा आगामी

आर्थिक बर्ष भित्र प्रस्तुत गरिने छ । सो ऐनको कार्यान्वयनबाट चालू खातामा पूर्ण परिवर्त्यता लागू गर्न सजिलो हुने विश्वास छ ।

५७. हाल निर्यातकर्ताहरुलाई सीमित प्रयोजनको लागि ७.५ प्रतिशत व्याजदरमा परिवर्त्य बैदेशिक मुद्रामा ऋण लिन पाउने व्यवस्थालाई परिवर्त्य विदेशी मुद्रा आर्जन गर्ने होटल, ट्राभल एजेन्सी जस्ता व्यवसायहरुका लागि समेत आफ्नो क्षमता अभिवृद्धि गर्न र उत्पादन वृद्धि गर्न आवश्यक मेशिनरी उपकरण आदिको पैठारीमा यो सुविधा विस्तार गरिएको छ ।

५८. सानातिना निर्यातजन्य वस्तुहरुको निर्यात प्रवर्द्धनमा रहेको प्रक्रियागत अवरोध हटाउने क्रममा आगामी आर्थिक बर्षदेखि नेपाल राष्ट्र बैंकले तोकेको रकमसम्म विना प्रतीतपत्र नै बैंक ग्यारेन्टीको आधारमा निर्यात गर्न पाइने व्यवस्था गरिने छ । त्यसै गरी हाल अमेरिकी डलर १ हजार सम्मको हस्तकला एवं कार्पेट जस्ता नेपालमा उत्पादित सामानहरुको विना प्रतीतपत्र वा अग्रिम भुक्तानी आफ्नो साथ निर्यात गर्न पर्यटकहरुलाई मात्रै दिइएको सुविधा नेपालीहरुलाई पनि उपलब्ध गराइने छ ।

५९. निर्यातमूलक उद्योगहरुलाई स्वदेशमा स्थापित अन्य कुनै उद्योगले अर्ध तयारी वा तैयारी वस्तुहरु कच्चापदार्थ को रुपमा उपलब्ध गराउदा ती वस्तुहरुको उत्पादनमा लाग्ने करहरु निकासी सरह फिर्ता पाउने व्यवस्था मिलाइने छ । कुनै परियोजनाले आयात गर्दा कर छुट पाउने वस्तुहरु स्वदेशका उद्योगहरुबाटै नियमपूर्वक खरीद गर्दा उद्योगले निकासी गरे सरहकै सुविधा पाउने व्यवस्था पनि मिलाइने छ । त्यस्तै कुनै उद्योगले अर्को उद्योगको बजार व्यवस्थासंगको अन्तरसम्वन्धको सदुपयोग गर्दै ठूला उद्योगको प्रचलित नामका सामान उत्पादन गरी सोही उद्योगलाई विक्री गरी निकासी विस्तारमा प्रत्यक्ष योगदान पुऱ्याएमा उत्पादित वस्तुमा लाग्ने कर आदि निकासी सरह छुट पाउने छन् । यसका साथै रुग्ण उद्योगहरुको पुनरोत्थानको कार्यलाई आगामी बर्ष प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।

६०. निर्यातकर्ताहरुलाई थप प्रोत्साहन मिल्ने अपेक्षा सहित महशुल फिर्ताको व्यवस्थालाई सरल र पारदर्शी बनाउन तयारी पोशाक, गलैंचा र छाला एवं यसबाट उत्पादित सामानमा समदरको हिसाबले महशुल फिर्ताको व्यवस्था गरिने छ ।

## कम्प्यूटर नीति र सफ्टवेयर विकास

६१. सूचना प्रविधिको विकास र विस्तारको लागि सूचना प्रविधि सम्वन्धी नीतिको तर्जुमा, साइवर (Cyber) कानूनहरुको व्यवस्था, पाँच विकास क्षेत्रमा टेलिसेन्टरको व्यवस्था र इन्टरनेट तथा इन्ट्रानेटको सुविधा आगामी बर्ष देखि क्रमशः विस्तार गरिने छ । स्कूल कम्प्युटर कार्यक्रम र शिक्षक तालिम कार्यक्रमको पनि थालनि गरिने छ । विश्व-विद्यालय एवं विद्यालय शिक्षामा कम्प्युटर शिक्षालाई प्रोत्साहित गरिने छ । यसका साथै सफ्टवेयर निर्यातलाई सरल बनाउन आवश्यक नीतिगत एवं कानूनी व्यवस्था गरिने छ ।

## सरकारी खर्च व्यवस्थापन र बजेट प्रणालीमा सुधार

६२. बैदेशिक सहायताको उपयोग, प्रभावकारिता र उत्पादकत्व समेत बढाउने उद्देश्यले आगामी आर्थिक बर्ष भित्रै बैदेशिक सहायता सम्वन्धी नीति तर्जुमा गरी लागू गरिनेछ । बैदेशिक सहायताको उचित व्यवस्थापन गर्न समग्र सहायता राशीलाई बजेटमा समावेश गराउने कार्य थालनी गरिने छ । यस कार्यमा सम्पूर्ण दातृ संस्था तथा मुलुकहरुबाट पूर्ण सहयोग हुनेछ भन्ने विश्वास लिएको छु ।

६३. राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरु मार्फत परिचालित हुने स्रोत र साधनलाई उपयुक्त प्राथमिकताका क्षेत्रमा प्रवाहित गर्न यी संस्थाहरुको क्रियाकलापको अनुगमन प्रणालीलाई सुदृढ गर्न तथा यिनीहरुलाई दिइने सुविधामा एकरुपता र पारदर्शीता ल्याउन आवश्यक पर्ने नीतिगत, प्रक्रियागत र संस्थागत व्यवस्थाको पूनराबलोकन गरिने छ ।

६४. सार्वजनिक खर्चलाई व्यवस्थित गरी कार्यालय संचालन खर्चमा मितव्ययिता र दक्षता ल्याइने छ । आर्थिक सुव्यवस्थापनको माध्यमबाट अनुत्पादक खर्चमा नियन्त्रण गरिनेछ । विभिन्न नयाँ परियोजनाहरुमा स्रोत छर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न उपयोगिता, क्षमता, लागत लाभ र दीगो स्रोतको उपलब्धताको आधारमा

पर्याप्त अध्ययन गरी मात्र नयाँ परियोजना छनौट गर्ने प्रकृया अपनाई विकास खर्चको प्राथमिकीकरण गरिनेछ । हाल चालू परियोजनाहरुको पनि पुनर्मूल्याकन एवं प्राथमिकता निर्धारण गरी परियोजना व्यवस्थापनलाई प्रभावकारी बनाइने छ ।

६५. हालको बजेट प्रणालीमा सुधार गरी सरकारी क्षेत्रमा संचालन गरिने विकास निर्माणका कार्यहरुलाई छिटो छरितो ढंगबाट संचालन गरी विकासको प्रतिफल जनतासम्म पुऱ्याउने उद्देश्यले आषाढ मसान्तसम्ममा बजेट र कार्यक्रम पारित भई श्रावण १ गते देखि नै विकास निर्माणको कार्यक्रम प्रारम्भ गर्न सक्ने व्यवस्था मिलाउन यो सम्मानीत संसद र राजनैतिक दलहरुको सहमतिमा आर्थिक बर्षको बजेट बैशाख महिनामा पेश गर्ने तर्फ कारवाही शुरु गरिने छ । यसबाट उच्च पहाडी जिल्लाहरुमा विकास निर्माणको कार्यहरु गर्न प्रसस्त समय मिल्ने र पेश्की खर्चले संचालन गर्दा आइपर्ने अन्यौल समेतको अन्त हुने विश्वास लिएको छु ।

६६. नवौं योजनाले निर्दिष्ट गरे बमोजिम क्रमिक रुपमा भुक्तानी केन्द्रहरु घटाई आगामी दुई वर्ष भित्रमा एकिकृत कोष संचालन प्रणाली लागू गरिने छ । यसबाट खर्च गर्न आदेश दिने र हिसाव राख्ने कुराको जवाफदेहीवहन पक्ष सुदृढ हुने छ । साथै राजस्व संकलनमा सरलता ल्याउन रु. ५ सय सम्मको प्रशासनिक दस्तुर वापतको रकमको लागि राजस्व टिकट प्रयोगमा ल्याउने व्यवस्था मिलाइने छ ।

६७. श्री ५ को सरकार, संस्थान र समिति अन्तर्गत रहेका कार्यालय र निकायहरुको औचित्यता, कार्यसक्षमता र प्रभावकारिताको दृष्टिकोणले छानविन गरी अनावश्यक कार्यालयहरुलाई वन्द गरिने छ ।

६८. श्री ५ को सरकारका मन्त्रालय, विभाग, कार्यालय, समिति, आयोग, प्रतिष्ठान, अदालत आदिको स्वामित्व र नियन्त्रणमा रहेका चल अचल सम्पत्तीहरुको उत्पादनशील उपयोग बढाई राष्ट्रिय स्रोत र साधनको उच्चतम उपयोग गर्न जोड दिइने छ । यस्ता सम्पत्तीहरुको उत्पादनशील प्रयोग हुन नसक्ने वा नभएको अवस्थामा अनुत्पादक सम्पत्तीहरुको वेच विखन गरी आय आर्जन गर्ने कार्य प्रारम्भ गरिने छ । यसको लागि जिल्ला र केन्द्रमा अधिकार सम्पन्न समिति गठन गरिने छ ।

६९. संघ संस्थाहरुमा जाने अनुदानको सदुपयोग बढाउन लेखा परीक्षण कार्यलाई अनिवार्य गराई सो को आधारमा मात्र अनुदान दिइने व्यवस्था लागू गरिने छ ।

<u>कृषि उत्पादकत्वमा वृद्धि</u>

७०. दीर्घकालीन कृषि योजनाले परिलक्षित गरे अनुसार कृषि क्षेत्रका कार्यक्रमहरुलाई कृषिको उत्पादकत्व बढाउन मद्दत पुऱ्याउने कारक तत्वहरु जस्तै सिचाई, प्रविधि (उन्नत वीउ, मलखाद, तालीम), कृषि सडक, बजार व्यवस्था, ग्रामीण विद्युतीकरण आदि संग आवद्ध गरी अगाडि बढाइने छ । सीमान्त कृषकहरुले तुरुन्त लाभ पाउन वाली सघनता तर्फ जोड दिइने छ । कृषिमा आधारित उद्योगहरु विकास गर्न रेशम, उखु, तेलहन र दुग्धजन्य कृषि वस्तुहरु र तुलनात्मक लाभ र भौगोलिक उपयुक्तताका आधारमा बढी मूल्य पर्ने कृषि वस्तुहरु जस्तै फलफूल, ताजा तरकारी, स्याउ, सुन्तला आदिको उत्पादनमा जोड दिइने छ । उन्नत वीउको आपूर्ति सुनिश्चित गराउन तरकारीका साथै केही प्रमुख खाद्यान्न तथा नगदेवालीहरुको वीउको सञ्चय राख्ने व्यवस्था मिलाइएको छ । कृषि उपज सुरक्षित गर्नका अतिरिक्त स्वदेशी कृषि उत्पादनलाई बढी प्रतिस्पर्धि बनाउने उद्देश्यले शीत भण्डारको स्थापना र सञ्चालन गर्ने निजी क्षेत्र समेतलाई विद्युत महसूलमा अनुदान दिइने छ ।

७१. दुग्ध उत्पादकहरुको सहकारीको माध्यमबाट चिस्यान केन्द्रहरुको निर्माण गर्न तथा दुध ढुवानीगर्ने टैंकर एवं दुग्ध प्रशोधन क्षमता अभिवृद्धि गर्न  एक कोषको व्यवस्था गर्नुका साथै वित्तीय क्षेत्रबाट ऋण प्रवाह हुने व्यवस्था मिलाएको छु । दुधजन्य उत्पादनहरु चीज, दूध क्यान्डी र धूलो दुध बनाई अतिरिक्त मूल्य थपी उत्पादन विविधिकरण गर्न सहकारी वा किसान समूहलाई ऋण उपलब्ध गराइ सहयोग गरिने छ । त्यस्तै फलफूल खेती, तरकारी खेती, वस्तुपालन कार्यक्रमलाई अभिवृद्धि गर्न आवश्यक व्यवस्था गरेको छु । यसबाट ग्रामीण क्षेत्रको जीवनस्तर उत्थान गर्न र गरीवी निवारण गर्न ठोस योगदान पुग्ने विश्वास लिएको छु ।

७२. चिया खेतीको बढ्दै गएको संभावनालाई दृष्टिगत गरी कृषि विकास बैंकको माध्यमबाट चिया खेतीको विस्तार र चिया प्रशोधन उद्योगहरुलाई सहुलियत दरको ऋण प्रदान गर्ने कार्यलाई विस्तारित गर्दै लगिने छ ।

७३. पशु स्वास्थ्य विषयमा तालीम लिएका, जे.टी.ए. भइसकेका, प्लम्बर तालिम लिएका, सोलार वा साइकल मर्मत गर्न सक्ने, वोरिङ गर्न जान्नेहरु, केश बनाउने, घरेलु तालिम प्राप्त गरेका, जुत्ता बनाउने र मर्मत गर्न जान्ने तथा शीप भएका त्यस्तै अन्य व्यक्तिहरुलाई आगामी बर्ष विना धितो सिमित रुपमा लघु कर्जा प्रवाह गर्ने व्यवस्था मिलाइने छ । ग्रामीण लघु कर्जा कार्यक्रम विस्तार गरी साना उद्यमहरु र घरायसी ऊर्जा आपूर्तिमा सुधार ल्याउन आगामी आर्थिक बर्ष अधिराज्यका विभिन्न भागमा १७ हजार १ सय किलो वाट क्षमताको १ सय ५० वटा साना जलविद्युत परियोजना स्थापना गर्नुका साथै २ हजार सोलार प्यानल जडान गरिने छ ।

७४. सिचाईको उपलब्धताले मात्र पनि कृषि उत्पादनमा उल्लेख्य वृद्धि हुन सक्ने भएकोले मौसम माथिको निर्भरता हटाई सकेसम्म बर्ष भरी नै सिचाई सेवा सुनिश्चित गराउने दीर्घकालीन दृष्टिकोण अनुरुप सिचाई क्षेत्रमा आयोजना तथा कार्यक्रमहरु प्रस्ताव गरिएको छ । खासगरी सतह सिचाई सुविधाको साथै तराईमा उपलव्ध भूमिगत जलको उपयोग गर्ने व्यवस्था मिलाउनका अतिरिक्त स्यालो ट्युबवेलको अधिकतम उपयोग गर्न निम्न आय भएका किसानहरु समेतलाई समेट्ने गरी सामुदायिक स्यालो ट्युबवेल कार्यक्रमको विस्तार गरिने छ । सिचाई आयोजनाहरुको मर्मत, संभार, संचालन र व्यवस्थापनमा उपभोक्ता समूहलाई नै बढी सहभागी वनाउँदै लगिने छ । दीर्घकालीन रुपमा फाइदा पुऱ्याउने वृहद सिंचाई आयोजनाहरुको साथै तुरुन्त प्रतिफल दिने साना सिचाई कार्यक्रम, कुलो कुलेसा निर्माण कार्यक्रम र जनसहभागीताको आधारमा संचालन गरिने सिचाई कार्यक्रमलाई विस्तार गरिने छ । कृषि भूमी र धनजनको क्षतिलाई रोक्न नदी नियन्त्रण कार्यक्रमलाई देशव्यापि रुपमा विस्तार गरिने छ । सुनसरी सिचाई आयोजना र महाकाली सिचाई आयोजनाको तेश्रो चरण कार्यान्वयन सम्वन्धी अध्ययन गर्नका अतिरिक्त आगामी आर्थिक बर्ष भित्रै जल सिचाई विधेयक तयार गरी सम्मानित सदन समक्ष पेश गरिने छ ।

## कर प्रशासन तथा राजस्व परिचालन

७५. कर प्रशासनको कार्यक्षमतामा गुणात्मक अभिवृद्धि ल्याउन वर्तमान संगठनात्मक ढाँचाको पुनरावलोकन गरी सुधार कार्य प्रारम्भ गरिने छ । मूल्य अभिवृद्धि करलाई राजश्व परिचालनको मूल संयन्त्रको रुपमा विकसित गरी राजस्वको उत्पादकत्व बृद्धि गरिने छ । आयकर तथा भंसार प्रशासनलाई समेत पारदर्शी तथा सहयोगी बनाई मूल्य अभिवृद्धि करको मूलधारमा सबै उद्योगपति, व्यापारी र व्यवसायीलाई समाहित हुन आकर्षित गरिनेछ । मूल्य अभिवृद्धि कर प्रशासनलाई सक्षम, सरल तथा सर्वग्राही बनाउन जरिवाना व्यवस्था, लेखा परीक्षण व्यवस्था, कर छुट व्यवस्था र अन्य प्रशासनिक तथा प्रकृयागत झंझटहरुलाई हटाउने गरी व्यापक पुनराबलोकन गरिएको छ ।

७६. मूल्य अभिवृद्धि कर प्रशासन तथा आयकर प्रशासन वीच कर दर्ता, लेखा परीक्षण, अनुसन्धान तथा विविध प्रशासकीय विषयमा कार्यगत तादात्म्यता कायम गर्न एकीकृत कार्य प्रणालीहरु अवलम्वन गरिने छ । राजस्वका सबै विभागहरु वीच सूचना तथा तथ्यांकको आदान प्रदान गरी अर्थ मन्त्रालयको केन्द्रिय अनुगमन इकाईसंग आवद्ध गर्न कम्प्यूटरको प्रयोगद्वारा एकीकृत सूचना प्रणालीको विकास गरिनेछ । तथ्यांक र सूचनामा आधारित कर निर्धारण र अनुसन्धान विधिहरुको प्रयोग गरिनेछ । स्वेच्छाले कर तिर्ने प्रवृत्तिको विकास गर्न निजी क्षेत्रसंग नियमित र निरन्तर ढंगले छलफल गर्ने परिपाटीको विकास गरिने छ ।

७७. स्वयं कर निर्धारणको विवरण छानवीन गर्ने पद्धतिमा पारदर्शिता तथा दक्षता ल्याउन व्यवसाय विशेषको आवश्यकताको आधारमा पेश गर्नु पर्ने विवरण र फाँटवारीहरु छुट्टाछुट्टै तोक्ने, कर लेखा परीक्षकको काम कारवाहीको प्रभावकारी ढंगले नियमन गर्ने, विशेष अवस्थाहरुमा बाहेक १५ प्रतिशत भन्दा बढी विवरणको छानवीन नगर्ने, छानवीनमा परे नपरेको जानकारी निश्चित अवधि भित्र तोकिएको मितिमा दिइसक्ने, विज्ञहरुद्वारा करदाताको कार्यस्थलमा समेत गई छिटो छरितो र न्यायपूर्ण ढंगले छानवीन गर्ने एवं निश्चित आधारहरुबाट उपयुक्त ठहरेमा मात्र छानवीन गरिने छ ।

७८. कराधारको विस्तार गर्न आगामी बर्ष काठमाडौं उपत्यकामा करदाताको नक्सांकन कार्य आरम्भ गरी बृहत कर सर्भेक्षण कार्यक्रमको शुरुवात गरिने छ । साथै डाक्टर, इन्जिनियर, वकील, पत्रकार, लेखापरीक्षक एवं अन्य पेशा व्यवसाय संचालन गर्ने सबैले अनिवार्य रुपले आयकर दर्ता लिई मात्र कारोवार गर्न पाउने व्यवस्था अपनाइने छ । आयकर दर्ता वितरण, करदाता सर्वेक्षण तथा साना करदाताको विवरण संकलनमा उद्योग वाणिज्य संग सम्वन्धित संघ संस्थाहरुको सहयोग लिई करको दायरा विस्तार गरिने छ । साना करदाताहरुले बैंकहरु मार्फत सोझै पुर्वानुमानित कर तिरी कर चुक्ता प्रमाण पाउने व्यवस्था मिलाइएको छ ।

७९. आयकर व्यवस्थामा हालसम्म देखिएको अस्पष्टता, अपूर्णता तथा प्रकृयागत समस्याहरु हटाई विगतमा भएको विभिन्न अध्ययन प्रतिवेदन तथा अन्तर्राष्ट्रिय समसामयिक प्रचलन समेतको पृष्ठभूमिमा सरल, सक्षम एवं पारदर्शी कानूनी व्यवस्थाको शुरुआत गर्न आगामी बर्ष नयाँ आयकर ऐन तर्जुमा गरी यस सम्मानित सदन समक्ष पेश गर्नेछु ।

८०. राजस्वका विभागहरु संग सम्वन्धित करदाताहरुको पहिचानको लागि एउटै परिचय पत्रको व्यवस्था गर्न आवश्यक देखिएकोले स्थायी लेखा नम्वर जारी गर्ने कामको लागि काठमाडौं उपत्यकामा "काठमाडौं करदाता सेवा केन्द्र" को स्थापना गरी आगामी आर्थिक बर्षदेखिनै स्थायी लेखा नम्वर दिने व्यवस्था मिलाइने छ र यो व्यवस्था क्रमशः अन्य जिल्लाहरुमा पनि बिस्तार गरिने छ । यसका साथै कमाएकै वखत कर तिर्ने (Pay As You Earn) सिद्धान्तमा आधारित अग्रिम कर कट्टी व्यवस्थालाई सरल र झण्झटरहित बनाइने छ ।

८१. भंसार प्रशासनमा पारदर्शिता ल्याउन एवं विश्व व्यापार संगठन तथा दक्षिण एशियाली सौविध्य प्राप्त व्यापार व्यवस्था र दक्षिण एसियाली स्वतन्त्र व्यापार व्यवस्थाको मान्यता अनुरुप नीतिहरु अवलम्वन गर्न भन्सार दरबन्दी व्यवस्थामा पुनराबलोकन गरी वील वीजकलाई मान्यता गरी वास्तविक कारोवार मूल्यको आधारमा मूल्यांकन गर्ने परिपाटी प्रचलनमा ल्याइने छ । मुख्यतया आयात हुने वस्तुहरुको अन्तर्राष्ट्रिय मूल्य स्थितिको निरन्तर अध्ययन गरी मूल्यांकन व्यवस्थाको अनुगमन गर्ने प्रवन्ध मिलाएको छु । भंसारको दरवन्दीमा पुनरावलोकन गर्दा देशको औद्योगिक क्षेत्रको प्रतिस्पर्धी क्षमतामा ह्रास नआउने गरी बरावरीको मौका प्रदान गर्ने र निजी क्षेत्रबाट हुने लगानी, रोजगारीको अवसर, उपभोक्ताको हित र मूल्य स्थिति तथा स्वच्छ व्यापारिक कारोवारमा अनुकूल योगदान पुग्न जाने अवस्थालाई महत्व दिएको छु ।

८२. तस्करी नियन्त्रण गर्न एवं राजस्व चुहावट रोक्न सीमा गस्तीको प्रभावकारी उपायहरु अपनाई आगामी बर्ष राजस्व प्रहरीको संगठनात्मक ढाँचा तयार गरिने छ । राजस्व अनुसन्धान विभाग, भन्सार विभाग, कर विभाग तथा मूल्य अभिवृद्धि कर विभागको संयुक्त टोलीले कर चुहावटको अनुगमन गर्ने तथा बजार मूल्य सूची तथा अन्य सूचना संकलन गरी कर छल्ने र चुहावट गर्नेलाई कार्यवाही गर्ने निरन्तर प्रकृया अपनाइने छ । अर्थ मन्त्रालयमा रहेको केन्द्रीय अनुगमन ईकाईलाई विशेष सकृय बनाई करदाताको गुनासो सुन्ने, राजस्व चुहावट नियन्त्रण गर्ने तथा राजस्व संकलन स्थितिको निरन्तर मूल्यांकन गर्ने कार्य गरिने छ ।

८३. अस्थायी रुपले ट्यारिफ बोर्ड गठन गरी राजस्व नीतिका विविध पक्षमा सुझाब लिने गरिएकोमा यो प्रकृया अपनाउँदा समय नपुग्ने, सतही तथा हलुका सुझाबहरु आउने र अर्थतन्त्रको समग्र वस्तुस्थितिको पर्याप्त विष्लेषण नहुने गरेका गुनासाहरु आइरहेकाले आगामी आर्थिक बर्षको भाद्र महिना भित्रै विशेषज्ञहरु समेत सामेल गराई एक स्थायी राजस्व परामर्श समितिको गठन गरिने छ ।

८४. कार्य बैशिष्ट्यताको आधारमा राजस्व प्रशासनको संगठनात्मक ढाँचामा सुधार गरी यसलाई बढी सेवामूलक बनाइने छ । व्यापक स्तरमा तालीम प्रदान गरी बैशिष्ट्यता हासिल गराई जनशक्ति विकास गरिने छ । कार्यदक्षतालाई बढावा दिने गरी दण्ड र पुरस्कार व्यवस्थाको अवलम्वन गरिने छ । सरुवा वा पदस्थापना गर्दा राजस्व समूहका कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकन गर्न छुट्टै परिसूचकहरुको व्यवस्था गरिने छ । कार्य सम्पादन मूल्यांकनको आधारमा राजस्व समूहबाट कर्मचारीहरुलाई वाहिर पठाउन सक्ने व्यवस्था गरिने छ ।

## विकास प्रशासन तथा सुशासन

८५. विद्यमान वोझिलो, खर्चालु र अव्यवस्थित निजामति प्रशासनको संरचनालाई हलुंगो, छरितो र व्यवस्थित वनाउन निजामति प्रशासनको आकार सुहाउँदो र भरपर्दो वनाउने दीर्घकालीन लक्ष्य अनुरुप मौजुदा दरवन्दिमा थप नगर्ने, रिक्त दरवन्दीको एक तिहाई पद कटौती गर्ने र अत्यावश्यक नयाँ दरवन्दीलाई भएको पदबाट मिलान गर्ने नीति अवलम्वन गरिने छ । समान प्रकृतिको कार्य विवरण भएका वा अनुत्पादक कार्यालयहरु, विभागहरु र मन्त्रालयहरु कार्य प्रकृतिको आधारमा गाभ्ने नीति लिइने छ । यसै सिलसिलामा महिला विकासका निम्ति विभिन्न मन्त्रालयमा छरिएर रहेका कार्यक्रम र प्रशासनिक इकाइहरुलाई महिला तथा समाज कल्याण मन्त्रालय अन्तर्गत एकीकरण गरिने छ ।

८६. प्रशासन यन्त्रलाई व्यवसायिक, ल्याकतमा आधारित, अग्रसर र लचिलो वनाउन सेवा प्रवेश देखि निवृत्त नहुन्जेल सम्म तालीम मार्फत नयाँ ज्ञान प्रवेश गराउने उपाय र वृत्ति विकासको समुचित मौका दिने नीति लिइने छ । अवसर र त्रासको समुचित सम्मिश्रणबाट निर्णय लिने हैसियतको प्रशासनिक संयन्त्र निर्माण गर्ने तर्फ कार्यक्रमहरु लक्षित हुने छन् । भ्रष्टाचार निवारणको लागि एक कार्ययोजना बनाई लागू गरिने छ । सरकारी सार्वजनिक निर्णयहरुको गुणस्तरीयताको भौतिक परीक्षण गर्ने कार्यलाई प्रभावकारी बनाइने छ ।

८७. सरकारी खर्चमा मितव्ययिता एवं साधनको दुरुपयोग रोक्न चालू आर्थिक वर्षमा ल्याइएको मितव्ययिता कार्यक्रम र निर्देशिकालाई निरन्तरता दिइने छ । बोलपत्र प्रकृयामा स्वविवेकीय अधिकार कम गर्दै पारदर्शिता बढाउन प्रस्तुत गर्नु पर्ने विवरणहरु वस्तुपरक र यथार्थपरक बनाइन र समयावद्ध निर्णय प्रकृया अपनाउन एकिकृत रुपमा तर्जुमा गरिएको नयाँ आर्थिक नियम तुरुन्तै लागू गरिने छ । विकास आयोजनाहरुबाट आयोजना प्रमुखहरुको जथाभावी सरुवा गर्ने प्रवृत्तिलाई नियन्त्रित गरिने छ । यसबाट आर्थिक अनुशासन पालनामा सुधार हुने अपेक्षा गरिएको छ ।

## सामाजिक सेवा

८८. शहरी इलाकामा निजी क्षेत्रबाट सञ्चालन भइरहेका विद्यालयहरुबाट विद्यार्थीहरुको संख्या, आम्दानीको स्रोत र स्तरको आधारमा एक निश्चित रकम "ग्रामीण शिक्षा विकास शुल्क" को रुपमा उठाई यस्तो रकम ग्रामीण क्षेत्रमा संचालित सरकारी विद्यालयहरुमा अध्ययन गर्ने वालवालिकाहरुलाई छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक र विद्यालयहरुको भौतिक पूर्वाधार विकासमा मात्र खर्च गर्न पाइने व्यवस्था मिलाइने छ । सम्वन्धित विद्यालयहरुले आफ्नो आवश्यकता अनुसार जनशक्ति व्यवस्था गर्न प्राथमिक, निम्न माध्यमिक र माध्यमिक विद्यालयहरुलाई बार्षिक रुपमा क्रमशः रु. १० हजार, रु. १२ हजार र रु. २० हजार सम्म प्रशासनिक अनुदान दिने व्यवस्था मिलाइने छ । विद्यालयहरुको भौतिक सुविधाको विस्तार र सुधारगर्ने कार्यलाई एकीकृत रुपमा अगाडी बढाउनका अतिरिक्त सरकारी विद्यालयसंग रहेका भौतिक पूर्वाधार, शिक्षक र विद्यार्थी सहितको दायित्व सम्हालेर निजी क्षेत्रले विद्यालय संचालन गर्नचाहेमा लिजमा दिइने व्यवस्था मिलाइने छ । शिक्षक पदपूर्ति कार्यलाई व्यवस्थित गर्न राष्ट्रिय शिक्षा सेवा आयोग गठन गर्ने व्यवस्था मिलाइएको छ । आगामी आर्थिक बर्षमा अधिराज्यका माध्यमिक, निम्न माध्यमिक तथा प्राथमिक प्रत्येक स्तरमा २ सयका दरले जम्मा ६ सय जना शिक्षकको दरवन्दी दिने र थप १ सय ५० प्राथमिक विद्यालयहरुको कोटा उपलव्ध गराइने छ ।

८९. पूर्वाञ्चल विश्व विद्यालय तथा पोखरा विश्व विद्यालयलाई सम्वन्धित क्षेत्रको उच्चशिक्षा संचालनको जिम्मेवारी वहन गर्न सक्ने गरी विकसित गरिने छ । यसका लागि यस आर्थिक वर्षमा त्रिभुवन विश्व विद्यालय अन्तर्गतको महेन्द्र मोरङ क्याम्पस तथा स्नातकोत्तर क्याम्पस विराटनगरलाई पूर्वाञ्चल विश्व विद्यालयमा र पृथ्वीनारायण क्याम्पस पोखरालाई पोखरा विश्व विद्यालयमा हस्तान्तरण गर्ने व्यवस्था मिलाइने छ । विश्वविद्यालयहरुलाई दिइने अनुदान सम्बन्धमा स्पष्ट नीति बनाई निर्धारित आधारमा अनुदान वितरण गर्ने व्यवस्था मिलाइने छ । निजीस्तरमा संचालित क्याम्पसहरुको उत्थान एवं स्थायित्वका लागि विश्व विद्यालय अनुदान आयोग मार्फत दिइंदै आएको अनुदान कायमै राखिने छ । खुला विश्व विद्यालयको स्थापना तर्फ कदम चालिने छ । कृषि तथा वन विश्व विद्यालय स्थापना गर्नै कार्यलाई अघि बढाइने छ ।

९०.	जिल्ला अस्पतालहरुको भौतिक अवस्था सुधार गरी चिकित्सकहरुको सेवालाई नियमित गर्ने व्यवस्था मिलाउनका अतिरिक्त सबैलाई घरदैलोमै प्राथमिक स्वास्थ्य सेवा उपलब्ध गराउन पाँच वर्षभित्र ८० हजार महिला स्वास्थ्य स्वयं-सेविकाहरुको व्यवस्था मिलाउने गरी आगामी वर्षदेखि नै कार्यक्रम सञ्चालन गरिने छ । सबै गाउँ विकास समितिहरुमा स्वास्थ्य उपकेन्द्रको स्थापना गरी दुई वर्षभित्र अत्यावश्यक स्वास्थ्य सेवालाई जनस्तरसम्म पुऱ्याउने लक्ष्य अनुसार कार्यक्रम अगाडि बढाइने छ । आगामी दुई वर्षभित्र शतप्रतिशत बालबालिकाहरुलाई बी.सी.जी, डी.पी.टी., पोलियो र दादुराको खोप दिने काम सम्पन्न गर्न यसै आर्थिक बर्ष देखि खोप सम्वन्धी कार्यक्रम सक्रियताका साथ संचालन गरिने छ । बाल मृत्यु दर र मातृ मृत्यु दर घटाउन बाल स्वास्थ्य तथा प्रजनन स्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालन गरिने छ ।

९१.	काठमाडौं उपत्यकामा खानेपानीको अभावको स्थितिको अन्त्य गर्ने क्रममा मेलम्ची खानेपानी आयोजनाको कार्यान्वयन गर्न दातृ संस्थाहरु समेतबाट सहयोग गर्ने वचनवद्धता व्यक्त भएको परिप्रेक्षमा मेलम्ची खानेपानी आयोजनालाई सशक्त ढंगले अघि बढाइने छ ।

<u>आधारभूत तथा भौतिक पूर्वाधार</u>

९२.	अधिराज्यका सवै इलाका तथा गा.वि.स.मा हुलाक सेवा विस्तार गर्ने नीति अनुरुप आगामी बर्ष २० वटा इलाका हुलाक र १०० वटा अतिरिक्त हुलाक स्थापना गरिने छ । दूर सञ्चार सेवाको विकासमा निजी क्षेत्रलाई संलग्न गराउँदै लैजान उपयुक्त वातावरण तयार गरिने छ । आधारभूत टेलिफोन सेवा, मोबाइल टेलिफोन सेवा तथा तथ्यांक र सूचना प्रसारण सेवामा निजी क्षेत्रको सहभागिता आकर्षित गरिनेछ । आगामी वर्ष अधिराज्यभर ७३ हजार टेलिफोन लाइन विस्तार गरिनेछ ।

९३.	आगामी वर्ष हाल सम्म सडक सुविधा नपुगेका जिल्ला र सदरमुकामहरु सम्म पुग्ने सडक तथा कृषिको उत्पादन केन्द्र देखि बजार केन्द्र सम्म पुग्ने ग्रामीण सडक निर्माण कार्यलाई प्राथमिकता दिइने छ । आर्थिक र प्राविधिक दृष्टिकोणले सम्भाव्य देखिएका तथा आर्थिक गतिविधि वृद्धि गर्ने ठाउँहरुमा स्थानीय सहभागिता समेत जुटाई जिल्ला भित्र तथा दुई जिल्ला जोड्ने सडकहरुको निर्माण कार्य अघि बढाइने छ । सडकहरुको सम्भारका लागि "सडक सम्भार कोष" खडा गरिने छ ।

९४.	यातायात र अन्य पूर्वाधारको कार्यलाई गति दिन निर्माण-सञ्चालन-हस्तान्तरण माध्यमद्वारा बढी भन्दा बढी निजी क्षेत्रको साधन देशको पूर्वाधार निर्माण तर्फ प्रवाह गर्ने व्यवस्था गरिने छ । यसको लागि आवश्यक पर्ने कानूनी र संस्थागत संरचना तयार गरिने छ ।

९५.	काठमाडौं तथा अन्य क्षेत्रमा बढ्दै गएको यातायातको कठिनाई एवं बिग्रदो पर्यावरण समेतलाई ध्यानमा राखी काठमाडौं उपत्यकामा आउटर रिङरोडको निर्माण र ट्रलिवस सेवाको विस्तारका साथै विराटनगर-धरान तथा बुटवल-भैरहवा क्षेत्रमा ट्रली बस सेवा सञ्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिने छ । सम्भाव्यता हेरी हिमाल र पहाडी क्षेत्रमा रोपवे र केवलकार निर्माणलाई प्रोत्साहित गरिने छ ।

सभामुख महोदय,

९६.	अब म आर्थिक बर्ष २०५६/५७ को व्यय अनुमानको प्रस्ताव पेश गर्दछु ।

९७.	आगामी आर्थिक बर्ष जम्मा रु. ७७ अर्व २३ करोड ८२ लाख २६ हजार खर्च हुने अनुमान गरिएको छ । यस मध्ये साधारण खर्च रु. ३५ अर्व ३८ करोड ६३ लाख ३२ हजार तथा विकास खर्च तर्फ रु. ४१ अर्व ८५ करोड १८ लाख ९४ हजार छुट्याएको छु । यो रकम चालु आर्थिक वर्षको संशोधित अनुमानको तुलनामा साधारण तर्फ १२.१ प्रतिशत, विकास तर्फ ३२.९ प्रतिशत र कूल खर्च तर्फ २२.५ प्रतिशतले वढी छ ।

९८.	साधारण खर्चको विनियोजन मध्ये आगामी आर्थिक वर्ष काठमाडौंमा सम्पन्न हुने सार्क शिखर सम्मेलनका लागि झण्डै रु.४० करोड, दक्षिण एशियाली (साफ) खेलकुदको लागि रु. १५ करोड, स्वदेशी एवं वैदेशिक ऋणको सांवा व्याज भुक्तानी तर्फ करिब रु.११ अर्व ५२ करोड ५९ लाख, रक्षा तर्फ रु.३ अर्व ५१ करोड

१० लाख, प्रहरी तर्फ रु.३ अर्ब ३२ करोड ४१ लाख र शिक्षा तर्फ रु. ६ अर्ब ८६ करोड ९६ लाख छुट्याइएको छ । स्वास्थ्य तर्फ रु.१ अर्ब ५४ करोड ५१ लाख मध्ये स्वास्थ्य चौकी, स्वास्थ्य केन्द्र र प्राथमिक स्वास्थ्य केन्द्रहरु तथा उपचौकीहरुका लागि रु.१ अर्ब १० करोड ७५ लाख विनियोजन गरेको छ । सन् १९९९ लाई अन्तर्राष्ट्रिय वृद्ध वर्षको रुपमा मनाइंदै गरेको परिप्रेक्षमा निसहाय जेष्ठ नागरिकका साथै अशक्त, अपाङ्ग एवं असहाय विधवाहरुको लागि रु. ५३ करोडको व्यवस्था गरेको छु ।

सभामुख महोदय,

९९. निष्पक्ष र स्वच्छ निर्वाचन पद्धति प्रजातन्त्रको सुदृढिकरणको सवभन्दा प्रमुख आधार हो । वर्तमान सरकार निर्वाचन पद्धतिको निष्पक्षता र प्रभावकारिताका लागि प्रतिवद्ध रहेको कारण आगामी आर्थिक वर्षमा अधिराज्यका विभिन्न थप २५ जिल्लामा निर्वाचन कार्यालयहरुको स्थापना गरी ४१ निर्वाचन क्षेत्रहरुमा मतदाता परिचय पत्र वितरण कार्यका लागि समेत रकमको व्यवस्था गरेको छु ।

१००. अव म आगामी वर्ष संचालन गरिने विकास कार्यक्रम एवं विनियोजनका प्रमुख क्षेत्रहरुका सम्वन्धमा सम्मानित संसद समक्ष केही प्रकाश पार्न चाहन्छु ।

१०१. आगामी आर्थिक वर्षका लागि विनियोजन गरिएको कूल रकमको मध्ये विकास खर्चको अंश ५४.२ प्रतिशत रहेको छ । यस मध्ये सामाजिक सेवाका लागि ३६.६ प्रतिशत र त्यस मध्ये शिक्षाका लागि ७.९ प्रतिशत, स्वास्थ्यका लागि ६.८ प्रतिशत, खानेपानीका लागि ६.५ प्रतिशत तथा स्थानीय विकासका लागि १२.२ प्रतिशत रकम छुट्याइएको छ । आर्थिक सेवाहरुका लागि ६२.३ प्रतिशत रकम छुट्याइएको मध्ये यातायातका लागि १४.४ प्रतिशत विद्युतका लागि २०.२ प्रतिशत र कृषि, सिंचाई, भूमिसुधार र वनका लागि १९.१ प्रतिशत रकमको व्यवस्था गरेको छु ।

१०२. गत वर्षको संशोधित अनुमानको तुलनामा सामाजिक सेवाहरु तर्फ ३८.६ प्रतिशतले र शिक्षा तर्फ ७१ प्रतिशत, स्वास्थ्य तर्फ ३८.२ प्रतिशत, खानेपानीतर्फ ४७.४ प्रतिशत र स्थानीय विकास तर्फ २६.६ प्रतिशतले बढी रकम विनियोजन गरिएको छ । यसैगरी आर्थिक सेवाहरु तर्फ गत बर्षको संशोधित अनुमानको तुलनामा ३२.७ प्रतिशतले वृद्धि गरिएको छ । यस मध्ये कृषि तर्फ ३५.४ प्रतिशत, सिचाई तर्फ ४५ प्रतिशत एवं बन तर्फ ४२.८ प्रतिशत, यातायात तर्फ २४ प्रतिशत र विद्युत तर्फ २१.५ प्रतिशत बढी विनियोजन प्रस्ताव गरेको छु ।

१०३. महिलाहरुमा शैक्षिक जागरण ल्याई उनीहरुको आत्मनिर्भरता वढाउनको लागि आबश्यक रकम व्यवस्था गरेको छु । बिगतमा संचालित आधारभूत प्राथमिक शिक्षा परियोजनाले शिक्षा क्षेत्रमा पारेको सकारात्मक प्रभावको आधारमा आगामी आर्थिक वर्षमा आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रमलाई निरन्तरता दिई रु. १ अर्ब २९ करोड ३१ लाखको व्यवस्था गरेको छु । विद्यालयहरुको भौतिक अवस्थामा सुधार ल्याउन रु. २६ करोड २४ लाख विनियोजन गरेको छु ।

१०४. महिला शिक्षा, प्राथमिक छात्रा छात्रवृत्तिका लागि थप रकमको व्यवस्था गरेको छु । प्रजातन्त्रको लागि जीवन वलिदान दिने शहिदहरु प्रति सम्मान जनाउन उनीहरुका छोरा छोरीहरुका लागि र दलित वर्गका छोरा छोरीहरुका लागि उच्च शिक्षाको छात्रवृत्ति प्रदान गर्न रकमको व्यवस्था गरेको छु । शिक्षकहरुको निष्पक्ष पदपूर्तिको लागि राष्ट्रिय शिक्षक सेवा आयोगको गठन गर्न आवश्यक रकमको व्यवस्था गरेको छु ।

१०५. देशका जनजाति, प्रजा एवं अन्य आदिवासी, उपेक्षित, उत्पीडित, दलित समुदायहरुको हकहित सम्वर्द्धन गर्ने, जनचेतना अभिवृद्धि गर्ने, सामाजिक–आर्थिक स्तर उकास्नुको साथै विकास प्रकियाहरुमा उनीहरुको सक्रिय सहभागिता वढाउने नीति अनुरुप सो क्षेत्रको लागि आगामी आर्थिक वर्षमा रु. ३ करोड २५ लाख विनियोजन गरेको छु । यो रकम चालु आर्थिक वर्षको विनियोजित रकम भन्दा ८०.६ प्रतिशतले वढी छ ।

१०६. आगामी आर्थिक बर्ष स्थानीय निकायहरुलाई दिइने अनुदान तर्फ जिल्ला विकास समितिलाई जाने अनुदानमा वृद्धि गरी रु. ७० करोड र नगरपालिकाहरुलाई रु. १५ करोड पुऱ्याइएको छ। गाउँ विकास समिति तर्फ आगामी वर्ष रु. १ अर्ब ९६ करोडको व्यवस्था गरेको छु। निर्वाचन क्षेत्र विकास कार्यक्रमका लागि रु. ४ लाखका दरले दिई आएको हालको रकमलाई रु. ५ लाखका दरले दिने व्यवस्था मिलाएको छु। यो रकम आगामी बर्षहरुमा वृद्धि गर्दै रु. १० लाख सम्म पुऱ्याउने लक्ष्य निर्धारण गरेको छु।

१०७. काठमाडौं उपत्यकाको खानेपानी समस्याको अल्प एवं दीर्घकालीन समस्या समाधानका लागि खानेपानीको उत्पादन वृद्धिका साथै मेलम्ची खानेपानी आयोजनाको प्रवेश मार्गको निर्माण एवं टनेलको विस्तृत इन्जिनियरिङ्ग कार्य सम्पन्न गर्न रु. ४४ करोड १४ लाखको विनियोजन गरेको छु। अधिराज्यका विभिन्न क्षेत्रमा देखा पर्ने खानेपानीको अभाव हटाउन वर्षात्को पानी संकलन एवं प्रशोधन गरी वितरण गर्ने प्रक्रिया शुरु गरिएको र यसलाई अझ प्रभावकारी ढंगले अघि बढाउन आवश्यक रकमको व्यवस्था गरेको छु। साथै, काठमाडौं उपत्यकामा धार्मिक दृष्टिकोणवाट महत्वपूर्ण रहेका नदीहरु वागमती तथा विष्णुमती संरक्षणका लागि आवश्यक रकमको व्यवस्था गरेको छु।

१०८. नेपाल अधिराज्यका सबै जिल्ला सदरमुकाममा सडक यातायात पुऱ्याउने श्री ५ को सरकारको नीति अनुरुप आगामी वर्षमा सडक यातायातको दृष्टिले पछाडि परेका विभिन्न जिल्लाहरु र खास गरी मध्यपश्चिमान्चल र सुदूर पश्चिमान्चलका जिल्लाहरुमा संचालित सडक निर्माणको कार्यलाई थप गति प्रदान गर्न यस वर्ष उल्लेखनीय रुपमा वजेटको वृद्धि गरेको छु। महेन्द्र राजमार्गको कोहलपुर महाकाली खण्डको २२ वटा पुलहरु आगामी वर्ष सम्पन्न हुने गरी रु. १२ करोड ९७ लाख वजेट विनियोजन गरेको छु। त्यसैगरी सुदूर पश्चिमान्चलकै महाकाली राजमार्ग (वैतडी–दार्चुला खण्ड) को लागि रु. ९ करोड विनियोजन गरेको छु। सांफेबगर–मंगलसेन सडकका लागि रु. ४ करोड ७५ लाख, जयपृथ्वी वहादुर सिंह मार्ग (खोड्पे–वझाङ्ग) का लागि रु. ५ करोड तथा सांफेबगर मार्तडी सडकको लागि गत वर्षको यथार्थ खर्चको तुलनामा रकम वृद्धि गरी रु. ४ करोड २५ लाख व्यवस्था गरेको छु। यसै गरी अधिराज्यको सवभन्दा विकट मध्यपश्चिमान्चल विकास क्षेत्रको कर्णाली राजमार्ग (सुर्खेत–जुम्ला खण्ड) का लागि आगामी आर्थिक बर्ष मा २५ करोड ८ लाख, छिंचु–जाजरकोटका लागि रु. ५ करोड ६० लाख र राप्ती राजमार्ग (सल्यान–मुसीकोट खण्ड) का लागि रु.३ करोड ९२ लाख विनियोजन गरेको छु। यसै गरी पश्चिमान्चलको तानसेन–रिडी तमधास खण्डलाई आगामी आर्थिक बर्षमा खण्डास्मित गर्नका लागि रु. ५ करोड, गोरुसिंगे - संधिखर्क खण्डलाई रु. १ करोड, वाग्लुङ्ग–वेनी–जोमसोम सडक निर्माणको लागि रु. १ करोड ५० लाखको वजेट प्रस्ताव गरेको छु।

१०९. यसै गरी नेपालको पुरानो सडक त्रिभुवन राजपथको मर्मत सुधारका लागि रु. २ करोड तथा मित्र राष्ट्र चिनको स्वसाशित क्षेत्र तिव्वतसंग मुलुकलाई जोडने नयां बाटो स्याप्रुवेशी–रसुवागढी सडक निर्माणका लागि रु. ५ करोड १० लाख रकम विनियोजन गरेको छु। त्यसैगरी कालुपाण्डे मार्ग (मलेखु–धाडिङ्ग खण्ड) कालो पत्रे गर्नका लागि रु. १७ करोड ७५ लाख रकम छुट्याएको छु। वि.पी.कोइराला मार्ग ( वनेपा–सिन्धुली वर्दिवास) का लागि रु. १२ करोड ५३ लाख वजेट राखेको छु। आगामी आर्थिक बर्षमा यस राजमार्गको धुलिखेल–नेपालथोक सम्मको निर्माण कार्यलाई निरन्तरता दिइ दोश्रो चरणको निर्माण कार्य थालिने छ। पूर्वान्चलको विकट मानिएका पहाडी जिल्लालाई सडक यातायातले जोड्नका लागि मेची राजमार्गलाई (फिदिम–ताप्लेजुङ्ग) रु. ३ करोड १ लाख, सगरमाथा राजमार्ग (गाईघाट–दिक्तेल) का लागि ३ करोड ५० लाख, वसन्तपुर–तेह्रथुम–आठराईका लागि रु. १ करोड, वसन्तपुर–चैनपुर–खांदवारीलाई रु. २ करोड २५ लाख, हिले–लेगुवाघाट–भोजपुर सडकका लागि रु. २ करोड तथा कटारी–ओखलढुंगाका लागि रु. ५ करोड ५० लाख छुट्याएको छु। पूर्वान्चलका यी राजमार्गहरु छिटो सम्पन्न गर्न आगामी वर्ष वाह्य सहयोगको अपेक्षा गरेको छु। कोदारी राजमार्गको मर्मत सुधारका लागि रु. १८ करोड ५५ लाख विनियोजन गरेको छु। यसै गरी विभिन्न झोलुंगे पुलहरु, पक्की पुलहरुको अतिरिक्त ग्रामीण कृषि सडक, जिल्लास्तरीय सडकहरु र हुलाकी सडकका लागि उल्लेखनीय रुपमा वजेट विनियोजन गरेको छु।

११०. नेपालको बैदेशिक व्यापार प्रक्रियालाई सरल, सुगम र कम खर्चिलो वनाउने उद्देश्यले गत वर्ष देखि वीरगंजमा निर्माण भइरहेको सुख्खा वन्दरगाहको काम आगामी आर्थिक बर्षमा पुरा गर्ने गरी रु. ७३ करोड २९ लाख रकम छुट्याएको छु। त्यस्तै विरगंजमा करमुक्त औद्योगिक क्षेत्र निर्माणका लागि

आवश्यक व्यवस्था गरेको छु । यसवाट देशको आयात निर्यात व्यापारमा सकारात्मक प्रभाव पर्ने विश्वास लिएको छु ।

१११. राष्ट्र र जनताको अत्यन्त सरोकारको विषय रहेको जग्गा जमिनको प्रशासनलाई समयानुकूल सक्षम र सुदृढ वनाई जनतालाई छिटो छरितो तरिकाले भरपर्दो सेवा पु–याउने उद्देश्यले केन्द्रीय एकिकृत भू–सूचना प्रणालीको विकास तथा मालपोत अभिलेख सुरक्षा तथा सुदृढिकरणको लागि रु. १ करोड ५० लाख वजेट छुट्याएको छु ।

११२. विदेशमा फकाई लगिएका र अर्काका फंदामा परी विकी हुन वाध्य पारिएका नेपाली चेली, परित्यक्ता एवं असहाय महिलाहरुको उद्धार र तिनीहरुको शिप विकास गरी स्वावलम्वन तथा पुनः स्थापनाको व्यवस्थाका लागि रकम छुट्याएको छु ।

११३. हाम्रा अधिकांश किसान दाजुभाइहरुले उत्पादन गरेका कृषि उपजहरु एकै प्रकृतिको हुन जाने र ती उत्पादन एकै मौसममा वजारमा आई मूल्यको अत्यधिक प्रतिस्पर्धाका कारण खप्नु परेको मर्कालाई न्यून गर्ने अभिप्रायले निजी क्षेत्रवाटै संचालन हुने "शीत भण्डार" का लागि विद्युत महशुलमा अनुदान दिनका लागि रु. ७५ लाखको व्यवस्था गरेको छु ।

११४. हाम्रा दुग्ध उत्पादक कृषक दाजुभाईहरुले उत्पादन गरेको दूधको उचित वजार र मूल्य नपाएको कारण खप्नु परेको पीर मर्कालाई अन्त्य गर्नका लागि सहकारी मार्फत चिस्यान केन्द्रको व्यवस्था, प्रशोधन क्षमता वृद्धि र वजारको प्रवन्ध मिलाउन रु. ४ करोड वजेट विनियोजन गरेको छु ।

११५. सिंचाई क्षेत्रमा सिंचाई व्यवस्थापन हस्तान्तरण आयोजना, सिंचाई सेक्टर आयोजना, नेपाल इरिगेशन सेक्टर आयोजना, भूमिगत जलसिंचाई आयोजना, भूमिगत स्यालो ट्युववेल, नदी नियन्त्रण कार्यक्रमका अतिरिक्त वागमती सिंचाई, राजापुर सिंचाई र सुनसरी मोरङ्ग सिंचाई जस्ता आयोजनाहरुमा यथेष्ट वजेट विनियोजन गरेको छु । चालु आर्थिक बर्षको संशोधित अनुमान रु. २ अर्ब ८३ करोड १७ लाखको तुलनामा रु. ४ अर्ब १० करोड ५८ लाख विनियोजन गरी सिंचाई क्षेत्रमा थप रु. १ अर्ब २७ करोड ४१ लाख विनियोजन गरिएको छ ।

११६. विद्युत क्षेत्रमा कालीगण्डकी "ए" जलविद्युत आयोजनाको भूमिका अग्रणी रहेकोले यसका लागि रु. ४ अर्ब ९२ करोड ४६ लाख विनियोजन गरेको छु । सम्पन्न हुन लागेको मोदीखोला जलविद्युत र इलाम पुवाखोला जलविद्युतका लागि यथेष्ट रकम विनियोजन गर्नुका साथै विद्युत प्रशारण लाईन तर्फ चिलिमे–त्रिशुली, खिम्ती–भक्तपुर, सिन्दुवा–खादवारी, लालपुर–गड्डाचौकी आदि आयोजनाहरुलाई समेत प्राथमिकता दिएको छु । ग्रामीण विद्युतीकरणको कामलाई अभियानका रुपमा संचालन गर्न यस वर्षको संशोधित अनुमान रु. २३ करोडको तुलनामा आगामी वर्ष रु. ३१ करोडको विनियोजन प्रस्ताव गरेको छु । साना जलविद्युत आयोजनाहरु तर्फ निर्माणाधिन कालिकोट र गमगाड साना जलविद्युत आयोजनाहरुलाई सम्पन्न गर्ने र साना जलविद्युत गुरुयोजना तयार गर्न आवश्यक वजेटको व्यवस्था गरेको छु । कुलेखानी जलविद्युत संरक्षण आयोजनालाई प्राथमिकता दिई रु. ५० करोड ५० लाखको वजेट व्यवस्था गरेको छु ।

११७. कृषि वन कार्यक्रम अन्तर्गत निजी खेती योग्य जमीनमा हाम्रा कृषक दाजुभाईहरुले लगाएको "सिसौ खेती" मा हाल विभिन्न २० जिल्लामा देखा परेको रोगको निदान गर्न र भविष्यमा यसको रोकथामका लागि आवश्यक अनुसन्धानको कार्यक्रमका लागि रकमको व्यवस्था गरेको छु ।

११८. नेपाल अधिराज्यका विभिन्न भागमा र खासगरी तराइका जिल्लाहरुमा सर्पको टोकाईवाट पीडित विरामीको तत्कालिन औषधि मुलोको अभावमा हुने गरेको मृत्युलाई निर्मूल गर्ने उद्देश्यले अब उप्रान्त सम्वन्धित जिल्ला अस्पताल एवं क्षेत्रिय अस्पतालहरु मार्फत तत्कालै निःशुल्क उपचारको लागि रकमको प्रवन्ध मिलाएको छु । यसवाट यस्ता विरामीले हाल मृत्युको मुखमा समेत धरौटी पहिला राख्नु पर्ने झण्झटको अन्त्य हुने विश्वास लिएको छु ।

११९. विगत वर्षहरुमा गएका भूकम्पवाट पीडित जनताले घर वनाउंदा लिएको ऋण श्री ५ को सरकारले मिनाहा गरेको तर सो वापतको रकम यथासमयमा निकासा हुन नसकी धरौटी राखेको जग्गा धनी प्रमाण पूर्जा फिर्ता नपाउँदा परेको मर्कालाई अन्त्य गर्न आवश्यक रकमको व्यवस्था गरेको छु ।

१२०. आगामी आर्थिक वर्षमा स्वास्थ सेवा तर्फ कूल रु. २ अर्ब ८५ करोड १६ लाख बजेट व्यवस्था गरेको छु । क्षयरोग निवारणका लागि अल्पकालिन प्रत्यक्ष निगरानी उपचार कार्यक्रमलाई अरु विस्तार गरी क्रमवद्ध रुपमा यो कार्यक्रमलाई ७५ जिल्लामा विस्तार गरिने कार्यक्रम रहेको छ । औषधि र उपकरण आपूर्ति व्यवस्थाको लागि समेत रु. २६ करोड ९३ लाख विनियोजन गरेको छु । आगामी आर्थिक वर्षमा थप २० वटा स्वास्थ्य केन्द्र, ५ वटा आयुर्वेद स्वास्थ्य केन्द्र र १० वटा आयुर्वेद औषधालयहरुको स्थापना गरिने छ ।

१२१. विभिन्न बैंकका लागि आवश्यक पर्ने चेकहरु, हुलाक टिकट, राजस्व टिकट तथा नेपाल राष्ट्र बैंकले छपाउने नोटहरुका लागि हरेक वर्ष विदेशमा गएर छपाइ गर्नु पर्ने र त्यसका लागि ठूलो धनराशी विदेश जाने भएकोले यी सवै कार्यहरु नेपाल मै गर्न "सुरक्षण मुद्रणालय" स्थापना गर्ने प्रारम्भिक कार्य शुरु गर्ने उद्देश्यले रु. २ करोड ७५ लाख विनियोजन गरेको छु ।

१२२. वालश्रमिकहरुको ह्रासोन्मुख स्थितिमा सुधार ल्याउन आगामी आर्थिक वर्षमा बाल श्रम सुधारका लागि आवश्यक रकमको व्यवस्था गरिएको छ ।

१२३. राष्ट्रिय प्रतिभाहरुको सम्मान गर्ने परम्पराको थालनी स्वरुप राष्ट्रिय बक्सिङ्ग खेलाडी स्व. श्री दल वहादुर रानाको स्मृतिमा दल वहादुर राना स्मृती कोषका लागि रु. २५ लाखको व्यवस्था गर्नुका साथै देश भरी छरिएर रहेका कलाकारहरुको कला एवं संगितको विकास गराउने उद्देश्यले राष्ट्रिय कला विकास कोष र संगित विकास कोषको स्थापनाका अतिरिक्त खेलकुद विकास सम्वन्धी कार्यक्रमहरुका लागि स्थायी आर्थिक श्रोतको व्यवस्था गर्न छुट्टै कोषको आवश्यकता महशुस गरी राष्ट्रिय खेलकुद विकास कोषको समेत स्थापनार्थ बजेटको व्यवस्था गरेको छु ।

१२४. आगामी वर्ष विज्ञान तथा प्रविधि क्षेत्रको अनुसन्धान र विकास क्रमलाई अगाडी वढाउने सिलसिलामा विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गतका आयोजनाहरुलाई आधुनिक उपकरण तथा औजारको व्यवस्था गरिने छ । नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको भवन निर्माणका लागि रु. ३ करोडको व्यवस्था गरेको छु । यस क्षेत्रको विकासका लागि रु. ४९ करोड ९५ लाख विनियोजन गरेको छु ।

१२५. काठमाडौं उपत्यकाको प्रदूषणलाई कम गर्न अपनाइने विविध क्रियाकलापहरुका लागि आवश्यक रकमको व्यवस्था गर्नुका साथै जनसंख्या र वातावरण सम्वन्धी कार्यक्रमहरुलाई वढी प्रभावकारी र व्यापक जनचासोको विषय वनाउन राष्ट्रिय जनसंख्या कार्यक्रम, वातावरण संरक्षण कार्यक्रम र सूचना, शिक्षा तथा संचार जस्ता कार्यक्रमहरु आगामी आर्थिक वर्षमा पनि संचालन गरिने छन् । यसका लागि रु. ३ करोड ३६ लाख विनियोजन गरेको छु ।

१२६. व्यापक औद्योगीकीकरणवाट वातावरण क्षेत्रमा परेको प्रतिकूल असरलाई न्यूनीकरण गर्न वातावरणीय क्षेत्र सहयोग कार्यक्रम अन्तर्गत रु. १९ करोड ७१ लाख रुपैया खर्च गरिने छ ।

सभामुख महोदय,

१२७. मैले माथि उल्लेख गरेका साधारण तथा विकास समेतका लागि विनियोजन गरेको जम्मा रु. ७७ अर्ब २३ करोड ८२ लाख २६ हजार मध्ये राजस्वका वर्तमान श्रोतवाट रु. ४१ अर्ब ५८ करोड ८६ लाख ८० हजार, वैदेशिक सहायता अन्तर्गत अनुदानवाट रु. ८ अर्ब ६५ करोड ५३ लाख ७५ हजार र ऋणवाट रु. १८ अर्ब ५६ करोड ४१ लाख ४ हजार व्यहोरिने भई रु. ८ अर्ब ४३ करोड ६७ हजार न्यून हुन जाने छ ।

सभामुख महोदय,

१२८. अव म राजस्व सम्वन्धी प्रस्तावहरु पेश गर्दछु ।

१२९. आर्थिक बर्ष २०५६/५७ को कर प्रस्तावहरु तयार गर्दा माननीय सांसदहरु, आर्थिक जगतका बरिष्ठ विद्वानहरु, उद्योग र बाणिज्य क्षेत्रसंग सम्वद्ध संस्था एवं व्यक्तिहरु र ट्यारिफ बोर्डबाट प्राप्त सुझावहरु समेतको कदर गरी आगामी बर्ष मूल्य अभिवृद्धि करको पूर्ण कार्यान्वयनद्वारा स्थिर तथा लोचक कर संरचना तयार गर्ने कार्यनीति लिएको छु । आयकर तथा भंसार प्रशासनलाई यस प्रयोजनको लागि पारस्परिक रुपले सहयोगी बनाई समग्र कर सुधारद्वारा आगामी ३ बर्ष भित्र करको उत्पादकत्वमा तीव्र वृद्धि ल्याउने परिकल्पना गरेको छु ।

१३०. अव म अप्रत्यक्ष कर सम्वन्धी प्रस्तावहरु पेश गर्ने अनुमति चाहन्छु ।

१३१. मूल्य अभिवृद्धि करको दायरामा सकेसम्म बढी करदातालाई प्रवेश गराई स्वच्छ तथा प्रतिस्पर्धी व्यवसायिक वातावरण प्रदान गर्न यस करको दर्ताको प्रयोजनको लागि कर नलाग्ने सीमा (थ्रेसहोल्ड) घटाई रु. २० लाख कायम गर्ने प्रस्ताव गरेको छु । यस व्यवस्थाबाट मूल्य अभिवृद्धि करको सफल तथा पूर्ण कार्यान्वयन हुन गई राजस्व प्रशासन तथा व्यापारिक एवं औद्योगिक जगतमा देखिएको अन्यौल हट्न जाने आशा लिएको छु ।

१३२. साना पैठारीकर्ताको सजिलोको लागि एक पटकमा रु. १० हजार तथा बार्षिक रु. २ लाख सम्मको पैठारी गर्दा मूल्य अभिवृद्धि करमा दर्ता गर्नु नपर्ने व्यवस्था गरेको छु ।

१३३. मूल्य अभिवृद्धि करमा कायम रहेका अव्यवहारिक तथा २०० प्रतिशतसम्मको जरिवाना व्यवस्थालाई व्यवहारिक र नरम वनाएको छु । साथै साविकमा लागि सकेको जरिवानामा समेत तोकिएको अवधि भित्र चुक्ता गर्नेलाई जरिवाना आदि मिन्हा दिने प्रस्ताव गरेको छु ।

१३४. स्वदेशी कपडा उद्योग र काठको काँटी प्रयोग गर्ने सलाई उद्योगको रुग्ण अवस्थालाई विचार गरी त्यस्ता उद्योगले आफ्नो मूल्य अभिवृद्धिमा असूल गरेको कर तोके वमोजिम फिर्ता दिने व्यवस्था गरेको छु ।

१३५. सर्वसाधारणले प्रयोग गर्ने सूतिको साडी, धोती, पेटानी, गम्छा तथा लुंगीमा मूल्य अभिवृद्धि कर छुट दिएको छु ।

१३६. औषधी उद्योगहरुको सुविधाको लागि यस्ता उद्योगहरुले चाहेमा शून्य मूल्य अभिवृद्धि करको दरको सुविधा लिन सक्ने व्यवस्था गरेको छु ।

१३७. मूल्य अभिवृद्धि करको कार्यान्वयनमा हाल देखिएको पुरानो मौज्दातको समस्यालाई समाधान गर्न आगामी श्रावण महिना भित्र त्यस्तो मौज्दातको घोषणा गर्ने समयावधी तोकिएको छ । साथै, मूल्य अभिवृद्धि करमा दर्ता गर्न श्रावण मसान्तसम्म समय प्रदान गरी दर्तागर्दा लाग्ने जरिवाना समेत मिन्हा गर्ने व्यवस्था गरिएको छ । श्रावण महिना भरी नै मूल्य अभिवृद्धि करको दर्ताको अभियानलाई तीव्र पारी भाद्र १ गते देखि मूल्य अभिवृद्धि करको पूर्ण कार्यान्वयन गरिने छ । नयाँ थ्रेसहोल्ड अनुसार सीमा भित्र नपर्ने साविकमा दर्ता भएका करदाताहरुले आफ्नो दायित्व फर फारक गरेमा दर्ता खारेजी समेत गर्न पाउने छन् ।

१३८. पर्यावरणीय रुपबाट हानीकारक पोलिथिनका झोलाहरुलाई निरुत्साह गर्ने उद्देश्यले सो को उत्पादनमा अन्तः शुल्क लगाउने प्रस्ताव गरेको छु ।

१३९. स्वास्थ्यको लागि हानीकारक सूर्तिजन्य पदार्थ, मदिरा तथा वियरको अन्तः शुल्क दरवन्दीमा केही वृद्धि गरेको छु ।

१४०. मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्कका दरहरुमा गरिएको परिवर्तन र प्रशासनिक सुदृढीकरणबाट थप रु. १ अर्व ६८ करोड ५ लाख ६७ हजार राजस्व परिचालन हुने अनुमान गरेको छु ।

सभामुख महोदय,

**१४१. मूल्य अभिवृद्धि कर प्रभावकारी रुपमा लागु भए पछि भंसार मूल्यांकन वढी यथार्थपरक हुन जान्छ भन्ने विश्वास लिई भन्सारका दरहरु सकभर कम हुने गरी समायोजन गरेको छु । दरहरु समायोजन गर्दा राजश्व उत्पादनशीलता, देशको उद्योग व्यापारको प्रतिस्पर्धात्मक क्षमता, आपूर्ति स्थिति सुदृढ हुने विश्वास राखेको छु । साथै मूल्य वृद्धिमा परिरहेको चापलाई कम गराउने उद्देश्यले लत्ता कपडा, मर मसला, खाने तेल र अन्य उपभोग्य सामग्रीहरुको भंसार महसुल दरहरु घटाएको छु ।**

१४२. भन्सारले वस्तुको मूल्यांकन निर्धारण गर्ने पद्धतिसंग मूल्य अभिवृद्धि करको व्यवस्था विरोधाभाषपूर्ण हुने देखिएकोले भन्सार मूल्यांकन व्यवस्था तत्काल देखिनै पूर्णतः कारोवार मूल्यमा आधारित गर्ने व्यवस्था मिलाएको छु । पैठारीकर्तावाट घोषित कारोवार मूल्यमा ज्यादै अस्वाभाविक न्यूनविजकीकरण भएको प्रमाणित भएमा लाग्ने भन्सार महसूलमा ५० प्रतिशत जरिवाना गर्ने व्यवस्था वा उक्त सामानको विजक मुल्य, भाडा भरौट र वीमा शुल्क समेत जोडी श्री ५ को सरकारले खरीद गर्न र गराउन सक्ने प्रावधान समेत गरेको छु ।

१४३. भन्सार मूल्यांकन व्यवस्था यथार्थ कारोवार मूल्यमा लैजांदा पैठारीमा पर्न सक्ने असरलाई दृष्टिगत गरी हालको २० प्रतिशत र ३० प्रतिशतको भन्सार दर खारेज गरी १५ प्रतिशत र २५ प्रतिशतको नयां दर श्रृजना गरेको छु र पैठारी हुने अधिकांश सामानहरुलाई ५, १०, १५, २५, ४० प्रतिशतका दरहरुमा समाहित गरी ८० र १३० प्रतिशतको विशेष दर कायम गरेको छु ।

१४४. हाल जीप, कार तथा भ्यानमा लागेको अन्तःशुल्क र विलासिता शुल्क समेत खारेज गरी यी सामानहरुमा भन्सार दर १३० प्रतिशत प्रस्ताव गरेको छु ।

१४५. भिटी गुण्टा भारी आदेश अनुसार व्यापारीक सामान समेत पैठारी भई व्यापारको प्रकृयामा देखिएको विसंगति हटाई यसलाई व्यवस्थित गर्न भिटी गुण्टा आदेश संशोधन गरी भाद्र १ गतेदेखि कार्यान्वयन गरिनेछ ।

१४६. विदेशवाट पर्याप्त मात्रामा कपडा चोरी पैठारी भई आपूर्ति भएबाट कपडा उद्योगले भन्सार दरको अधिकतावाट आवश्यक संरक्षण पनि प्राप्त गर्न नसकेको र ती वस्तुको पैठारीवाट राजस्व परिचालन पनि हुन नसकेको हुंदा त्यस्ता कपडाहरुमा यथार्थ मूल्यमा पैठारी गराउने गरी भन्सार दर घटाएको छु ।

१४७. स्वदेशी कपडा उद्योगहरुले कपडा उत्पादन गरी तयारी पोशाक निकासी गर्ने उद्योगलाई विक्री गर्ने भएमा त्यस्ता कपडा उत्पादनका लागि पैठारी गर्ने धागोमा वैंक ग्यारेण्टीको सुविधा दिएको छु र यसरी स्वदेशी कपडावाट निर्मित तयारी पोशाक निर्यातमा लाग्ने सेवा शुल्क हटाएको छु । यो व्यवस्थावाट कपडा उद्योगको प्रवर्द्धनमा सहयोग पुग्ने अपेक्षा राखेको छु ।

१४८. वातावरणीय प्रदूषण आजको मूलभूत चुनौती हो । यसर्थ मैले प्रदूषण नियन्त्रणका चुनौतीलाई निराकरण गर्न भन्सारको व्यवस्था पनि व्यवस्थित गर्ने जमर्को गरेको छु । यस क्रममा **पेट्रोल वा डिजेलबाट चल्ने** तिन पाङ्ग्रे सवारीको धनीले उक्त सवारीको दर्ता खारेज गरेमा वा उपत्यका वाहिर लगेमा त्यस्तो सवारी साधनको सट्टामा १० देखि १५ सिट सम्मको सार्वजनिक यातायात संचालन गर्नको लागि माइक्रोबस पैठारी गर्न चाहेमा लाग्ने भन्सार महसूलमा ७५ प्रतिशत छुट दिएको छु । साथै, युरो एक संयन्त्र जडान भई पैठारी भएको सवारी साधनमा लाग्ने भन्सार महसुलमा १० प्रतिशत छुट दिने व्यवस्था मिलाएको छु । यसका अतिरिक्त पुराना र प्रयोग भइसकेका सवारी साधनमा लाग्ने थप महसूलमा पनि वृद्धि गरेको छु ।

**१४९. निकासीमूलक उद्योगले कच्चा पदार्थ वैंक ग्यारेण्टीमा पैठारी गर्दा ९ महिनाभित्र तयारी वस्तु निकासी गरिसक्नु पर्ने प्रावधानलाई यस्ता उद्योगहरुको निकासीलाई अझ सरलीकरण गर्न सो अवधि वढाई १२ महिना गरेको छु ।**

१५०. डेरी उद्योगहरुले डेरी उद्योगको नाम छपाई प्लाष्टिक वाहेकको प्याकेजिङ्ग मेटेरियल पैठारी गरेमा ५ प्रतिशत मात्र भन्सार महसूल लाग्ने गरी छुट दिएको छु ।

१५१. चोरी निकासी पैठारी को समस्या भन्सार प्रशासनको सबैभन्दा गम्भीर समस्या हो र भन्सार राजस्व वृद्धिका लागि यसको नियन्त्रण आजको अपरिहार्य आवश्यकता पनि हो । यसर्थ, चोरी पैठारी नियन्त्रणवाट भन्सार राजस्व उल्लेखनीय रुपमा संकलन हुने अपेक्षा राखेको छु । यसको लागि भन्सारका दरहरु आवश्यकतानुसार घटाई भन्सारको वाटोवाट निकासी पैठारी गर्न आकर्षित गरिएको छ । मूल्य अभिवृद्धि करको सफल कार्यान्वयनले समेत चोरी निकासी पैठारीलाई हतोत्साहित गर्नेछ । यसका अतिरिक्त चोरी निकासी पैठारी नियन्त्रण गर्न विशेष प्रशासनिक कदमहरु पनि अवलम्वन गरिनेछन् ।

१५२. भन्सार विन्दूवाट जाँचपास भएका सामानको कन्टेनर वा ट्रक भन्सार कार्यालयवाट शिलवन्दी गर्ने र आन्तरिक परिवहनलाई सरल र व्यवस्थित वनाई गन्तव्यस्थलसम्म निर्वाध रुपमा लैजान पाउने सुविधाको लागि राजश्व अनुसन्धान विभाग वाहेक अन्य कुनै पनि निकायले उक्त शिलवन्दी ट्रक वा कन्टेनर खोल्ने, हेर्न र जाँच्न समेत नपाउने व्यवस्था मिलाएको छु ।

१५३. भन्सारका दरहरुमा गरिएको परिवर्तन र प्रशासनिक सुदृढीकरणबाट रु. ३२ करोड थप राजस्व परिचालन हुने अनुमान छ ।

सभामुख महोदय,

१५४. अव म प्रत्यक्ष कर सम्वन्धी प्रस्ताव पेश गर्दछु ।

१५५. निम्न आय भएको व्यक्ति तथा परिवारहरुलाई तुलनात्मक रुपमा केही राहत होस् भन्ने उद्देश्यले चालू वर्षमा आयकर नलाग्ने हदको सीमा व्यक्तिको लागि रु. ४० हजार तथा दम्पति वा परिवारको लागि रु. ५० हजार रहेकोमा त्यसलाई वढाई क्रमशः रु. ५० हजार तथा ६० हजार कायम गर्ने प्रस्ताव गरेकोछु ।

१५६. चालु वर्षमा तात्कालिक उपायको रुपमा लगाइएको १० प्रतिशत अतिरिक्त कर (सरचार्ज) लाई घटाई ५ प्रतिशत कायम गरेकोछु । यसवाट करदातालाई करभार कम हुन जाने छ ।

१५७. मूल्य अभिवृद्धि करमा दर्ता गर्न प्रोत्साहन होस भन्ने दृष्टिकोणले मूल्य अभिवृद्धि करमा दर्ता हुनेलाई पैठारी गर्दाकै अवस्थामा र आन्तरिक आपूर्तिको भुक्तानी होटेल र दृश्यावलोकन बुकिंगको भुक्तानी, विज्ञापन र छपाईको भुक्तानी एवं भाडाका निजी सवारी साधनको भुक्तानीमा तिर्नु पर्ने अग्रिम कर नलिने व्यवस्था गरेकोछु ।

१५८. साना करदाताको लागि हाल कायम रहेको रु. ७ लाख कारोवारको सीमा वृद्धि गरी रु. ८ लाख कायम गर्ने प्रस्ताव गरेकोछु । साथै साना करदाताको प्रथम पटक साना करदाता आय निर्धारण समितिवाट कर निर्धारण हुने र त्यस अनुसार कर चुक्ता गरी सकेका साना करदाताहरुले गत वर्ष तिरेको कर रकममा थप १० प्रतिशत कर तिरे पुग्ने र सोही आधारमा कर चुक्ता प्रमाणपत्र दिने व्यवस्था मिलाएको छु ।

१५९. मूल्य अभिवृद्धि करको प्रयोजनकोलागि उद्घोषण गरेको पुरानो मौज्दातमा ०.५ प्रतिशतले आयकर तिरेमा सो रकमलाई अन्तिम कर मानी चुक्ता प्रमाण दिइनेछ ।

१६०. स्वयं कर निर्धारणको विवरण छानवीन गर्ने तरिकालाई व्यवस्थित गर्न ४ महिनाभित्र छानवीनमा परे नपरेको छनौट गरि सक्नु पर्ने, तोकिएको मितिमा सोको जानकारी करदातालाई दिनु पर्ने एवं सामान्यतया १५ प्रतिशतभन्दा वढी विवरण छानविन नगरिने व्यवस्था गरेको छु ।

१६१. घरजग्गाको खरीद विक्रीको कारोवारमा आएको शिथिलतावाट आर्थिक क्षेत्रमा परेको असरलाई न्यून गरी आर्थिक कृयाकलापमा अभिवृद्धि गर्न घर जग्गाको खरीद विक्रीमा लाग्ने रजिष्ट्रेशन दस्तुर घटाएको छु ।

१६२. प्रत्यक्ष कर राजश्वमा गरिएको उपरोक्त परिवर्तन तथा सुधारहरुवाट रु. ३० करोड २५ लाख थप राजश्व परिचालन हुने अनुमान छ । सवारी साधन करमा गरिएको दरहरुको परिवर्तन तथा सुधारवाट रु. २ करोड ७० लाख थप राजश्व प्राप्त हुने अनुमान छ ।

१६३. पर्यटन प्रवर्द्धनको लागि साधारण एकल प्रवेश भिसा वापत तीस अमेरिकी डलर लिई शुरुमा दुई महिनासम्म वस्न पाउने गरी भिसा प्रदान गरिने छ । सोभन्दा वढी समय वस्न चाहेमा प्रत्येक महिनाको लागि पचास अमेरिकी डलर लिई भिसा सुविधा उपलव्ध गराइने छ । उद्योग मन्त्रालयको सिफारिसमा विदेशी लगानीकर्ताहरुलाई पाँच वर्ष अवधिको वहु प्रवेश भिसा २५० अमेरिकी डलर लिई प्रदान गरिने छ । एक वर्षको लागि मात्रै यस्तो भिसा दिनुपरे १०० अमेरिकी डलर लिइने छ ।

१६४. सगरमाथा, अन्नपूर्ण र लाङटाङ्ग जस्ता सामान्य पदयात्रा क्षेत्रका लागि अनुमतीको व्यवस्था खारेज गरी विदेशीहरु त्यस क्षेत्रमा प्रवेश गरेको विवरण राष्ट्रिय निकुञ्ज र संरक्षण कार्यालयवाट लिने व्यवस्था गरिएको छ । साथै अनुमती प्राप्त जलयात्रा एजेन्सी मार्फत जलयात्राको लागि खुला गरिएका नदीहरुमा जलयात्रा गर्न हालको अनुमती पत्रको व्यवस्था पनि खारेज गरिएको छ ।

१६५. गैर कर राजश्व तर्फ गरिएको परिवर्तन तथा सुधारवाट ६० करोड थप राजश्व परिचालन हुने अनुमान गरेको छु ।

१६६. प्रत्यक्ष र अप्रत्यक्ष करका दरहरुमा गरिएको हेरफेर बाहेक अन्य दरहरु यथावत राखेको छु । राजस्वको वर्तमान श्रोतबाट प्राप्त हुने रकम बाहेक कर र गैर कर राजस्वको दरहरुमा गरिएको परिवर्तन तथा प्रशासनिक सुधारबाट रु. २ अर्व ९३ करोड ६७ हजार थप राजस्व परिचालन हुन गई रु. ५ अर्व ५० करोड खुद न्यून रहन जाने छ ।

१६७. माथि मैले प्रस्ताव गरेको व्यय विवरण अनुसार न्यून हुने रु. ५ अर्व ५० करोड पूर्ति गर्न बैंकिंग क्षेत्रबाट रु. ३ अर्व ३० करोड तथा गैर बैकिंग क्षेत्रबाट रु. २ अर्व २० करोड आन्तरिक ऋण उठाइने छ ।

सभामुख महोदय,

१६८. आगामी आर्थिक बर्षमा समग्र राजस्व सुधार, वित्तीय क्षेत्रको सुधार र समष्टिगत आर्थिक स्थायित्व र अनुशासनमा दिइएको प्राथमिकताबाट अर्थतन्त्रमा सकारात्मक परिणामहरु प्राप्त हुने अनुमान छ । त्यस्तै महिला सशक्तिकरण, गरीवी निवारण तथा रोजगारी अभिवृद्धि कार्यक्रम र सुशासनको प्रत्याभूति संवन्धमा चालिने कदमहरु सामाजिक कल्याण र प्रशासनिक दक्षता वृद्धि गर्न अनुकूल योगदान प्राप्त हुन जाने छ । त्यस्तै निजी क्षेत्रमा बढ्ने लगानी र आर्थिक क्रियाकलापहरु, सरकारी खर्चको व्यवस्थापन, ग्रामीण क्षेत्रमा हुने सामाजिक-आर्थिक गतिविधिहरु, कृषि क्षेत्र र निर्यात लगायतका विभिन्न गैर-कृषिका क्षेत्रहरुको क्रमिक वृद्धि, बैदेशिक साधनको परिचालनमा प्रभावकारिता र देशको समग्र आर्थिक सुधार प्रक्रियाको सुदृढीकरण समेतलाई ध्यानमा राख्दा कूल गार्हस्थ उत्पादन करीब साढे छ प्रतिशतले बढ्ने अनुमान छ । आगामी आर्थिक वर्षमा मूल्य वृद्धिलाई करीब ७ प्रतिशतको हाराहारीसम्म कायम राख्न मुद्रा प्रदाय १३ प्रतिशतले मात्र वृद्धि हुने अनुमान गरिएको छ । आगामी आर्थिक बर्ष कूल गार्हस्थ उत्पादन संगको राजस्व परिचालनको अनुपात ११.७ प्रतिशत पुग्ने अनुमान छ ।

१६९. आर्थिक बर्ष २०५४/५५ को यथार्थ आय व्यय, आर्थिक बर्ष २०५५/५६ को संशोधित आय व्ययको अनुमान र आर्थिक बर्ष २०५६/५७ को अनुमानित आय व्यय संलग्न अनुसूचीहरुमा उल्लेख गरेको छु ।

१७०. मित्रराष्ट्र तथा दातृ संस्थाहरुबाट श्री ५ को सरकारलाई दिइने प्राविधिक सहायता तथा अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थाहरु सम्वन्धी संक्षिप्त विवरण छुट्टै प्रस्तुत गरेको छु ।

१७१. आगामी आर्थिक बर्षको बजेट तर्जुमा गर्दा सल्लाह र सुझाव दिई सहयोग गर्नु हुने माननीय सांसदज्यूहरु, विभिन्न क्षेत्रका संघ-संस्था एवं महानुभावहरु, विद्वतबर्ग, महामहिम राजदूतहरु तथा दातृसंस्थाका प्रतिनिधि मित्रहरु सवैप्रति म आभार प्रकट गर्न चाहन्छु । नेपालको आर्थिक सामाजिक

विकास प्रयासमा निरन्तर सघाउ पुऱ्याउने मित्रराष्ट्रहरु तथा दातृ संस्थाहरुलाई आजको यस अवसरमा म श्री ५ को सरकारकोतर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छु ।

सम्माननीय सभामुख महोदय,

१७२. अन्त्यमा, आर्थिक बर्ष २०५६/५७ को यस बजेटको सफल कार्यान्वयनको लागि सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा राखेको छु ।

जय नेपाल !